# अध्याय - १

# परिचय (Introduction)

## १.१ पृष्ठभूमि (Background)

मानिसहरु नयाँ अवसर सहज जीवनयापन तथा थप सुख सुविधाको खोजी गर्नको लागि नयाँ ठाँउमा जाने गर्दछन् तर कतिपय अवस्था जस्तै प्राकृतिक प्रकोप, हिंसात्मक गतिविधि आदि जस्ता असहज परिस्थितिको कारण मानिसहरु आफ्नो इच्छा विपरित वलपूर्वक अचानक र अनेपेक्षित रुपमा आफ्नो वासस्थान छाडी देश भित्रकै कुनै ठाउँमा वस्दछन् भने तिनीहरुलाई आन्तरिक रुपमा विस्थापति व्यक्ति भनिन्छ ।

संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्तले सन् १९९८ मा आन्तरिक रुपमा विस्थापित व्यक्तिहरुलाई यसरी परिभाषित गरेको छ : "आन्तरिक रुपमा विस्थापित व्यक्तिहरु भन्नाले कुनै विशेष परिस्थिति खास गरी सशस्त्र द्वन्द्व, सामान्य हिंसा, मानव अधिकारको उल्लनङ्घन, प्राकृतिक वा मानवजन्य प्रकोपहरुको परिणामस्वरुप भएका वा हुने असर तथा अवस्थाबाट वच्नका लागि बाध्य वा अत्यावश्यक भएर आफ्नो घरवार तथा हलैको गाँसबासको स्थान छाड्न पुगेका तर अन्तर्राष्ट्रिय रुपमा मान्यता प्राप्त राज्यको सिमाना पार नगरेका व्यक्तिहरु वा व्यक्तिहरुका समूहहरुलाई बुझाउछ" (UN OCHA, 1998)।

अन्तर्राष्ट्रिय स्तरमा स्थापित अन्तराष्ट्रिय कानुन अनुसार सरकारको प्रमुख र महत्वपूर्ण काम आफ्नो राज्यको सिमाना पार नगरेका विस्थापित नागरिकहरुलाई भेटेर उनीहरुलाई आवश्यक पर्ने सहयोग र संरक्षण प्रदान गर्नुपर्दछ (Bagshaw, 2004)।

मानिसहरु आफू बसोबास गरिरहेको ठाउँमा प्राकृतिक तथा मानवजन्य प्रकोपको कारणबाट विस्थापित हुन बाध्य हुन्छन् । नेपालको सन्दर्भमा आन्तरिक

रुपमा विस्थापित हुनेहरुलाई ३ वटा समूहमा वर्गीकरण गरिएको छ (Shrestha and Adhikari, 2005)।

क. विकास निर्माणका कार्यहरुबाट आन्तरिक विस्थापन

ख. कमैया

ग. माओवादी र सरकारबीचको सशस्त्र द्वन्द्वको कारणबाट आन्तरिक विस्थापन

"नेपालका अधिकांश शहरी क्षेत्रमा आन्तरिक रुपमा विस्थपित हुने व्यक्तिहरुको संख्यामा उल्लेखनिय रुपमा वृर्दि भइरहेको छ" (Thapa, 2003)।

शहरी क्षेत्र तथा जिल्ला सदरमुकाममा आन्तरिक रुपमा विस्थापित भएका व्यक्तिहरुको संख्यामा वृद्धि भएको कारण शहरी क्षेत्रमा विभिन्न समस्याहरु उत्पन्न भएका छन् । विस्थापित व्यक्तिहरुको जीवनयापन पनि ज्यादै कष्टकर भइरहेको छ ।

"जव द्वन्द्वले भयानक रुप लिन्छ तव ठूलो संख्यामा मानिसहरु द्वन्द्वग्रस्त क्षेत्रलाई छाडेर सुरक्षित स्थानतर्फ सर्न थाल्दछन्" (Gustavsson, 2003)।

"जब धम्की जोर जवरजस्तीले प्रसय पाउदछ तव आन्तरिक विस्थापन हुन थाल्दछ, जहाँ आफ्ना इच्छाहरु प्रतिवन्धित हुन्छन् र अवसरहरु भन्दा जोखिम ज्यादा हुने गर्दछ । यसर्थ यो स्वेच्छिक तथा आर्थिक कारणबाट हुने विस्थापन भन्दा फरक छ" (Muggah, 2003)।

मानिसहरु एक ठाउँबाट अर्को ठाउँमा आकर्षण र विकर्षण गर्ने तत्वहरुको कारणले गर्दा वसाईँसराइँ गर्ने गर्दछन् तर विस्थापन हुने कारण वेग्लै हुन्छ । यसमा मानिसको स्वेच्छाले नभएर हत्या, हिंसा, विनास आदि कारणबाट मानिहरु अचानक तथा आकस्मिक रुपमा आफ्नो वासस्थान छोड्ने गर्दछन् । सामान्यतया विस्थापन अल्पकालिन हुने गर्दछ तर कतिपय अवस्थामा यो स्थायी रुपमा पनि हुन सक्दछ ।

## १.२ नेपालमा द्वन्द्वबाट भएको आन्तरिक विस्थापनको सिंहावलोकन

पहिले देखिनै मानिसहरु नियमित रुपमा ग्रामिण क्षेत्रबाट शहरी क्षेत्रमा र पहाडी क्षेत्रबाट तराई क्षेत्रमा आर्थिकत था अन्यकारणबाट सर्दै आउनेक्रम भएतापनि सन् १९९६ देखि नेपाल कम्युनिष्ट पार्टी माओवादी (ने.क.पा. माओवादी) द्वारा सशस्त्र जनयुद्ध शुरु गरिएपछि नेपालमा नयाँखालको आन्तरिक विस्थापन भयावह रुपमा देखापरेको छ । देशमा जनयुद्ध शुरु भएपछि सरकारले बसाइँ सराइको कारणले देशको सन्तुलित विकास गर्नका लागि समस्या आउने कुरा महसुस गरेको छ । सरकारले यसलाई निम्न तथ्यबाट किटान गरेको छ, 'ग्रामिण क्षेत्रबाट शहरी क्षेत्रमा वसाइ सराइको दर बढ्दै जानुमा भूमिको उत्पादकत्वमा कमी हुन गएर हो' (Nepal Government, 1992)।

जव ने.क.पा. माओवादीले संवैधानिक राजतन्त्रको ठाउँमा गणतन्त्र स्थापना गर्ने उद्देश्यका साथ १३ फरवरी १९९६ मा 'जनयुद्ध' को घोषणा गऱ्यो तव आन्तरिक विस्थापनलाई थप उर्जा मिल्न गयो, यद्यपी जनयुद्धको शुरुवात हुनुपूर्व पनि राज्यबाट दिइएका डर, धम्कीकोबाट कारण पनि मानिसहरु आफ्नो गाउँघर छोडेर भाग्ने प्रक्रिया रहेको थियो (INSEC, 2004) ।

सन् १९९० मा प्रजातन्त्रको पुर्नस्थापना पश्चात गठन भएको प्रथम जननिर्वाचित सरकारले पनि मध्यपश्चिमको पहाडी जिल्ला रोल्पामा राज्यद्वारा अमानविय क्रियाकलाप व्यापक मात्रामा गऱ्यो । 'सन् १९९२ देखि १९९५ सम्मको अवधिमा संयुक्त जनमोर्चाका कार्यकर्ता तथा समर्थकहरुलाई लक्ष्य गरेर तिनीहरुका विरुद्ध विभिन्न प्रकारका झुट्टामुद्दा लगाउने तथा १००० भन्दा वढी मानिसलाई पक्राउ गरियो' (Gautam, 2001)। त्यस पछिका दिनमा राज्यको आतंकबाट बच्न भूमिगत रुपमा आन्तरिक रुपमा विस्थापन हुने प्रंवृति शुरु भयो ।

'सरकारले सन् १९९५ नोभेम्वरमा रोल्पा जिल्लामा संञ्चालन गरेको प्रहरी कारवाही 'रोमियो' बाट वच्नको लागि २ लाख जनामध्ये १०,००० जना मानिस जंगल प्रवेश गरे' (Gautam, 2001)। रोल्पा र रुकुम जिल्ला द्वन्द्वबाट आन्तरिक रुपमा विस्थापनको शुरुवात भएका जिल्ला मानिन्छन् । रोल्पा तथा रुकुम जिल्लाको केही भागबाट १३२ जना व्यक्तिलाई विनाकुनै पूर्जी पक्राउ गरियो भने लगभग ६००० व्यक्तिहरुले अस्थायी रुपमा आफ्नो गाउँ छोडेर भागे । सल्यान, दाङ्ग र अन्य जिल्लाबाट पनि केही मानिसहरु विस्थापित भएका छन्' (INSEC, 1995) । माओवादी जनयुद्ध शुरुहुनपूर्व मानिसहरुलाई आफ्नो वासस्थानबाट विस्थापन गराउने मुख्य कारकको रुपमा 'रोमियो अप्रेसन' लाई लिइन्छ ।

जनयुद्ध शुरु भएपश्चात यसबाट प्रभावित जिल्लाहरुबाट मानिसहरु बाध्यतावस विस्थपित भइरहेका छन् । 'वाहय मूलुकमा जानेहरुको संख्यालाई हिसाव नगर्दा पनि जनयुद्धले नेपालभित्र भएको आन्तरिक विस्थापनले आन्तरिक शरणर्थी समस्या सिर्जना गरिदिएको छ' (Maharjan, 2000)।

सन् १९९८ मा सरकारले मध्यपश्चिमाञ्चलका जिल्लाहरुमा 'किलो सेरा टु' कारबाही शुरु गऱ्यो जसमा व्यापक मात्रामा प्रहरीहरु परिचालन गरिएको थियो । प्रहरी कारवाहीको क्रममा गाउँका धेरै युवाहरुले कष्ट भोग्नु पऱ्यो, उक्त कष्ट सहन नसकेर धेरै युवाहरु सोही वर्षको अगष्ट महिना भन्दा पहिले नै विस्थापित भएका थिए । 'माओवादीबाट प्रतिहिंसा हुने डरले जाजरकोट जिल्लाबाट लगभग ८५ जना मानिसहरु सुर्खेत आएका थिए । सुर्खेत जिल्ला प्रशासन कार्यालयले तिनीहरुलाई सुर्खेतमा बस्ने अनुमति नदिइ दाङ्ग जिल्लामा पठाइयो, (Kattel, 2003)। माओवादी जनयुद्ध शुरुहुन भन्दा पहिले राज्यद्वारा गरिएको दमन र अत्याचारको कारणबाट अधिकांश विस्थापन भएको देखिन्छ भने, जनयुद्ध शुरु भएपछि माओवादी धम्कीको कारणबाट मानिसहरु आफ्नो गाउँछोडेर गएको पाइन्छ ।

सन् २००१ मा द्वन्द्वरतपक्ष सरकार र माओवादीले युद्धविरामगरि शान्तिवार्ता शुरु गरे । शान्तिवार्ता तीन चरण सम्म सम्पन्न भयो । वार्ताले ठोस निष्कर्ष निकाल्न सकेन । तेस्रो चरणको वार्ता सम्पन्न भए लगत्तै माओवादीले दाङ्ग र सोलुखुम्बुको सैनिक व्यारेकमा आक्रमण गरे, उक्त आक्रमण पश्चात सरकारले त्यसैवर्षको नोभेम्बर महिनामा देशभर संकटकाल लागूगरि माओवादी विरुद्ध शाही नेपाली सेना परिचालन गऱ्यो । देशमा संकटकाल लागू गरिएपछि पश्चात युद्धविराम भङ्ग भयो । सैनिक व्यारेकमा आक्रमण भएपछि द्वन्द्वले ठूलो रुप लियो यसले गर्दा सैनिक तथा गैर सैनिक व्यक्तिहरु धेरै संख्यामा घाइते तथा मृत्यूका शिकार भए, मानव अधिकारको व्यापकमात्रामा हनन् भयो जसबाट धेरै मानिसहरु जवरजस्ती आफ्नो घरवास छोड्न बाध्य भए' (Human Rights Watch, 2004)।

देशमा संकटकाल लागू भइसकेपछि जनयुद्धका प्रारम्भिक समयको विस्थापनको तुलनामा अपत्यारिलो ढंगबाट धेरै संख्यामा मानिसहरु विस्थापित हुन थाले संकटकालको समयमा सरकारले माओवादीहरुलाई आतंककारी घोषणा गऱ्यो । सुरक्षा निकायका ३ अंगहरु नेपाल प्रहरी, सशस्त्र प्रहरी र शाही नेपाली सेनालाई एकिकृत रुपमा 'सम्युक्त सुरक्षा फौज' गठनगरि माओवादीका विरुद्ध परिचालन गऱ्यो (Himrights, 2005)।

समग्रमा नेपालको आन्तरिक विस्थापन प्रकृया पहिले देखिनै हुदै आएतापनि सन् १९९६ मा ने.क.पा. (माओवादी) द्वारा जनयुद्ध घोषणा गरिएपछि नयाँखालको आन्तरिक विस्थापन प्रकृया शुरु भयो । यो प्रकृया सन् २००१ सम्म आइपुग्दा झनै टड्कारो रुपमा देखिन पुग्यो । सन् २००१ मा सरकार र माओवादी बीच भएका विभिन्न चरणका वार्ताहरु असफल भएपछि युद्धविराम भङ्ग भई दुवै पक्षबाट व्यापक मात्रामा सैन्य शक्तिको प्रयोग हुन थाल्यो जसबाट धेरै मानिसहरु आतंकित भई सुरक्षित स्थलको खोजीमा विस्थापित हुन पुगे ।

## १.३ समस्याको कथन (Statement of the Problem)

आन्तरिक विस्थापित भनेका त्यस्ता व्यक्ति वा व्यक्तिहरुको समूह हो जुन बाध्यतावस आफ्नो स्थायी घरवासलाई छोडेर देशभित्रै शरणार्थीको रुपमा रहेका हुन्छन् । नेपालको सन्दर्भमा पहिलेका दिनमा यो खासै ठूलो समस्याको रुपमा नरहे पनि विगत एक दशकयता देशकै प्रमुख समस्याको रुपमा खडा भएर रहेको छ । करिव एकदशक अगाडीदेखि ने.क.पा. (माओवादी) र सरकावीच शुरु भएको सशस्त्र द्वन्द्वकोमारबाट वच्नको लागि लाखौं परिवारहरु एकाएक आफ्नो घर परिवार व्यापार व्यवसाय, धन सम्पत्ति त्यागेर अन्यत्र विस्थापित हुन पुगेका छन् ।

आफ्ना सम्पूर्ण चिजवस्तु सवैलाई त्यतिकै छाडेर खाली हातै नयाँठाउँमा बस्नुपर्दा विस्थापितहरुले धेरै खालका समस्याहरु भोग्नु पर्ने हुन्छ । विस्थापित व्यक्तिहरु मूलतः आर्थिक, सामाजिक तथा मनोवैज्ञानिक रुपमा प्रभावित हुन्छन् । आफ्नो गाउँठाउ, खेतीपाती, नोकरी व्यवसाय छोडेर नयाँ ठाउँमा आउदा उपयुक्त प्रकारको ज्ञान, सीप, दक्षता नहुदा वेरोजगार रहनु पर्ने समस्या रहेको छ भने सैयौ विस्थापित बालबालिकाहरु आधारभूत शिक्षाबाट समेत वञ्चित रहनु पर्ने हुन्छ । अध्ययन क्षेत्रमा विस्थापितहरुको लागि सरकारी तथा गैर- सरकारी क्षेत्रबाट खान बस्नको लागि छुट्टै शिविरको व्यवस्था नभएकोले मुख्य रुपमा खान, बस्नको लागि समस्या हुन सक्दछ । त्यसैगरि अध्ययन क्षेत्र भारतीय सीमावर्ती शहर भएकाले सस्तोमा काम गर्ने मानिसहरु सीमा पारिबाट समेत आउने हुनाले रोजगरारी प्राप्त गर्न पनि कठिन हुन सक्दछ । आन्तरिक विस्थापितहरुको यस्तो अवस्था रहेकोमा यस अध्ययनले निम्न प्रश्नहरु समस्याको रुपमा उठान गरेको छ ।

क. के कारणबाट मानिसहरु आन्तरिक रुपमा विस्थापित हुन बाध्य भए ?

ख. आन्तरिक विस्थापितहरुको वर्तमान आर्थिक, सामाजिक अवस्था कस्तो छ ?

ग. आन्तरिक विस्थापितहरुले सामना गर्नु परेका मुख्य समस्याहरु के के हुन ?

## १.४ अध्ययनको उद्देश्य (Objectives of the Study)

यस अध्ययनका मुख्य उद्देश्यहरु :

क. आन्तरिक रुपमा विस्थापितहरुको आर्थिक तथा सामाजिक अवस्था पत्ता लगाउने ।

ख. आन्तरिक रुपमा विस्थापित हुनाको कारण पत्ता लगाउने ।

ग. विस्थापितहरुले वर्तमान अवस्थामा सामना गर्नुपरेका समस्याहरु पत्ता लगाउने ।

## १.५ अध्ययनको महत्व (Importance of the Study)

नेपालमा द्वन्द्वबाट हुने आन्तरिक विस्थापन भर्खरै मात्र अध्ययन गर्न लागिएको नयाँ विषयवस्तु भएकाले यस सम्बन्धी अध्ययन अनुसन्धानहरु सीमित मात्रामा रहेका छन् । यस अध्ययनले ति अभावलाई केहीहद सम्म भएपनि पूर्ति गर्ने प्रयास गर्ने छ ।

सशस्त्र द्वन्द्वबाट नेपालमा ठूलो धनजनको क्षति भएको छ, हजारौ व्यक्तिहरु आफ्नो घरवार छोडेर विस्थापित जीवन जिउन बाध्य भएका छन् । यसरी विस्थापित भइरहेका व्यक्तिहरुको बारेमा यस अध्ययनमा चित्रण गरिएको छ । आन्तरिक रुपमा विस्थापित व्यक्तिहरुको बारेमा नेपालगन्ज नगरपालिकामा गरिएको यस प्रकारको यो पहिलो अध्ययन हो । सशस्त्र द्वन्द्वको चपेटामा परेर विस्थापित जीवन विताउन बाध्य भएका व्यक्तिहरुमा गरिएको यो अध्ययनमा वास्तविक विस्थापितहरुका पीडा, दुःख तथा उनीहरुले सामना गरिरहनु परेका समस्याहरु यस अध्ययनमा समावेश गरिएको छ ।

यस अध्ययनले सम्बन्धित नगरपालिका तथा यस सँग सम्बन्धित रहेका सरकारी तथा गैर सरकारी संघ संस्थाहरुलाई पनि विस्थापितहरुको सम्बन्धमा उपयुक्त प्रकारको नीति निर्धारण गर्न सघाउ पुग्ने छ । यो अध्ययन सानो क्षेत्रमा

गरियको भएतापनि यसको सहयोगबाट देशमा आन्तरिक विस्थापनले भयावहरुप लिएको वर्तमान अवस्थामा विस्थापितहरुको बारेमा राष्ट्रिय स्तरमा उपयुक्त नीति निर्धारण गर्न आन्तरिक विस्थापनको कारण र यसबाट पर्ने नकारात्मक असरलाई कम गर्नको लागि सरकारलाई समेत सामान्य आधार बन्न सक्दछ । त्यस्तैगरि आन्तरिक विस्थापित व्यक्तिको सम्बन्धमा जानकारी राख्ने, यस सम्बन्धी अध्ययन अनुसन्धान गर्न चाहनेहरुका लागि पनि यो अध्ययन उत्तिकै महत्वपूर्ण हुनेछ ।

## १.६ अध्ययनको सीमा (Limitations of the Study)

यो अध्ययन स्नातकोत्तरतहको आंशिक आवश्यकता परिपूर्तिका लागि गरिएको शैक्षिक अनुसन्धान हो । सिमित साधन स्रोतको कारणले गर्दा यस अध्ययनमा नेपालगन्ज नगरपालिकामा रहेका सम्पूर्ण विस्थापितहरुलाई समेटन सकिएको छैन । यस अध्ययनमा द्वन्द्वको कारणबाट विस्थापित भएका व्यक्तिहरुलाई मात्रै समावेश गरिएको छ । यस अध्ययनमा गन्तब्य स्थलमा विस्थापितहरुले सामना गर्नुपरेका समस्याहरुको वारेमा अध्ययन गरिएकाले विस्थापन पश्चात उद्गम स्थलमा परेको प्रभावको वारेमा जानकारी दिन सकिएको छैन । प्रतयेक स्थान विशेषको आफ्नै प्रकारका मौलिक विशेषताहरु हुने भएकाले यस अध्ययनबाट निकालिएको निष्कर्ष अन्य ठाउँमा रहेका आन्तरिक विस्थापितहरुको सम्बन्धमा नमिल्न पनि सक्दछ ।

## अध्याय - २

# सन्दर्भ साहित्यको समीक्षा (Review of Related Literature)

साधारणतया अनुसन्धानमा सन्दर्भ साहित्यको समीक्षा अनिवार्य मानिन्छ । 'सन्दर्भ साहित्यिक समीक्षा निर्दिष्ट अनुसन्धान विषय वा समस्याको व्यवस्थित पहिचान, निर्दिष्ट र निश्चित प्रतिवेदन सूचनाको विश्लेषणमा सम्लग्न छ (Gay, 1976) । यसबाट अनुसन्धान कर्तालाई अनुसन्धान गर्ने विषयको वारेमा पूर्वज्ञान प्राप्त हुन्छ तथा अनुसन्धान कार्यलाई निश्चितबाटोमा डोऱ्याउन मद्दत पुऱ्याउछ ।

नेपालमा द्वन्द्वबाट आन्तरिक रुपमा विस्थापन हुने प्रक्रिया धेरै लामो समय नभएको हुनाले यस संग सम्बन्धित सामाग्रीहरु पनि प्रयाप्त मात्रामा उपलब्ध हुन सकेका छैनन् । उपलब्ध र उपयोगि भएका पुस्तक, प्रतिवेदन, सरकारी तथा गैर सरकारी संस्थाहरुबाट प्रकासित भएका सामाग्री, शोधपत्र (अप्रकासित), पत्रपत्रिका, इन्टरनेट आदिबाट आवश्यक सन्दर्भ सामाग्रीहरुको समीक्षा गरिएको छ । यसमा दुई प्रकारका सन्दर्भ सामाग्रीहरुको समीक्षा गरिएको छ ।

## २.१ द्वन्द्व सम्बन्धी सैद्धान्तिक सामाग्रीहरुको समीक्षा

### २.१.१ द्वन्द्वको परिचय

सामान्य बोलीचालीको भाषामा द्वन्द्व भन्नाले झगडा, मनमुटाब, बैरभाव, दुश्मनी काटमार, हिंसा लडाइ आदि भन्ने बुझिन्छ । यस्ता शब्दहरुको प्रयोग व्यक्ति स्थान र परिस्थिति अनुसार भिन्न भिन्न तरिकाले भएको पाइन्छ । नेपालका प्रसिद्ध द्वन्द्वविद Uperti, 2004 ले आफ्नो पुस्तक 'द्वन्द्व व्यवस्थापनका सिद्धान्त र विधिहरु एक परिचय' मा द्वन्द्वलाई यसरी परिभाषित गरेका छन् 'द्वन्द्व भनेको व्यक्तिहरु वा समूहहरुको वीचमा हुने साँस्कृति, सामाजिक, राजनैतिक र आर्थिक स्वार्थ, दृष्टिकोण वा बुझाइमा देखिएको भिन्नाताको कारणले सिर्जित अवस्था हो' । उप्रेतीले द्वन्द्वलाई समाजको अभिन्न अङ्गको रुपमा उल्लेख गरेका छन् । समाजरहेसम्म द्वन्द्व रहिरहन्छ, यसलाई पूर्णरुपमा छुट्टाउन नसकिने कुरा उल्लेख गरेका छन् ।

सामाजको संरचना, मूल्य, मान्यता समाजका सदस्यको चालचलन  र वानी व्यहोराले द्वन्द्वलाई प्रभाव पारिरहेको हुन्छ । (Galtung J. 2000) ले शान्तिपूर्ण तरिका बाट द्वन्द्व रुपान्तरण भन्ने जेनेभामा भएको संयुक्त राष्ट्रसंघीय प्रकोप व्यवस्थापन तालिम कार्यक्रममा उनले द्वन्द्वलाई जीवनको अभिन्न अङ्गको रुपमा उल्लेख गरेका छन् । त्यसैगरि द्वन्द्वविद्ध (Oyaber, 1948, cited in Upreti, 2004) ले सामाजिक कार्य सिद्धान्त (Social Action Theory) मा 'द्वन्द्व समाजको अपरिहार्य सामाजिक प्रकृयाको रुपमा रहने र यस्ता द्वन्द्वले प्रायशः शक्तिशाली व्यक्तिको पक्षलाई फाइदा पुऱ्याउछ' भनी परिभाषित गरेका छन् ।

नेपाल प्रसिद्ध द्वन्द्वविद्ध विष्णुराज उप्रेतीले २००२ मा प्रकासित गरेको पुस्तक Management of Social and Natural Resource Conflict in Nepal मा द्वन्द्वलाई यसरी सम्बोधन गरेका छन् - द्वन्द्व भनेको मूल्य, मान्यता, विश्वास, बुझाइ र अवधारणामा हुने भिन्नताका कारण उत्पन्न हुने मनोवैज्ञानिक अवस्था हो, जुन विभिन्न स्वरुपहरु जस्तै असहमति, प्रतिक्रिया, क्रोध, रिसइवी, दुश्मनी गाली-गलौज, उजुरी, मुद्धा-मामिला, कुटपिट वा हिंसा र युद्धको रुपमा समाजमा देखापर्दछ ।

मनोविज्ञान विद्वहरुको विचारमा द्वन्द्व चरम नैराश्यबाट सिर्जना हुन्छ । प्रविधिको विकास र समाज परिवर्तनको गतिलाई थाम्न नसक्ने मानिसहरु द्वन्द्वको भुमरीमा छिटो फस्दछन् । राजनीतिशास्त्रमा द्वन्द्वलाई भ्रष्टाचार, नेतृत्वको विफलता, खराव राजनैतिक प्रणाली, अति केन्द्रित शासन प्रणालीहरुको सेरोफेरोमा परिभाषित गरेको पाइन्छ ।

### २.१.२ द्वन्द्व र द्वन्द्वका कारणहरु

Pradhan, 2004  ले प्रकाशित गरेको 'बालबालिका र शान्ति' भन्ने पुस्तकमा द्वन्द्व के हो ? भन्ने वारेमा अध्ययन गरेका छन् । द्वन्द्व जीवन र जगतको एक अभिन्न अङ्ग हो । द्वन्द्व सधैंभरि खराब हुने गर्दैन । यो एक स्वभाविक कुरापनि

हो जव कुनै व्यक्तिअर्काको विचार सँग सहमत हुदैन, त्यहाँ द्वन्द्वको सिर्जना हुन्छ । द्वन्द्व जो कोही बीच पनि हुन सक्दछ । मानव जीवनमा द्वन्द्वको असाध्य महत्वपूर्ण स्थान रहेको हुन्छ । द्वन्द्वको अभावमा समाज गतिशील हुन सक्दैन । द्वन्द्वका प्रक्रियाहरु स्वस्थ हुदाखेरी त्यसले समाजमा सकारात्मक र सार्थक परिणाम निकाल्दछ तर द्वन्द्वहरु अस्वस्थ किसिमको भयो भने त्यसले हिंसा युद्ध र विनाशलाई जन्माउदछ । द्वन्द्व सम्बन्धी संसारका विभिन्न विद्वान र विशेषज्ञहरुले दिएका परिभाषाहरु अनुसार यो वैयक्तिक विवाद वा समूहहरुको अमिल्दा स्वार्थहरुको टक्कर वा कहिलेकाही श्रोतको बाँडफाँड, विचार वा आस्था, धर्म वा साँस्कृतिक विवाद वा शासन प्रणाली सम्बन्धी कारणहरुबाट जन्मिने. टक्करको रुपमा विश्लेषण गरिएका छन ।

प्रसिद्ध द्वन्द्वविद्व Warner, 2001 ले द्वन्द्वलाई दुईभागमा छुट्याएका छन् । 'एकखाले द्वन्द्वहरु नयाँ प्रविधिको विकास र विस्तार वातावरणीय ह्रास र श्रोतहरुको अभावले सिर्जना हुन्छन् जसलाई बाह्य कारणद्वारा सिर्जित द्वन्द्व भनिन्छ । अर्कोखाले द्वन्द्वहरु समाजमा रहेका संरचनागत कारणहरुले सिर्जना गर्दछन् ।'

कार्लमार्क्सका अनुसार कुनैपनि समाजको बाटो द्वन्द्वात्मक हुन्छ । उनले द्वन्द्वकै आधारमा द्वन्द्वात्मक भौतिकवादको नियम (Law of Dialectical Meteralism) प्रतिपादन गरेका थिए । वर्ग संघर्षको सिद्धान्त उनको मूल सिद्धान्त हो । वर्ग संघर्षको सिद्धान्त अनुसार समाजमा प्रशस्त उत्पादनका साधन स्रोत भएका वर्ग र अर्का तर्फ शरीर र श्रम मात्र भएका वर्गको बीचमा सोच चिन्तन र स्वार्थ फरक हुने हुँदा यीनीहरुको बीचमा द्वन्द्वको सिर्जना हुन्छ र समाजमा समानता नभए सम्म द्वन्द्व चलिरहन्छ Acharya, 2002।

Pradhan, 2004 ले युद्धको भुमरीमा बालबालिकाहरु भन्ने पुस्तकमा द्वन्द्व र द्वन्द्वका कारणहरुलाई ३ वटा आधारभूत सिद्धान्तको आधारमा निम्नानुसार विभाजन गरेका छन् ।

### क. संरचनात्मक सिद्धान्त (Structural Theory)

यस सिद्धान्त अनुसार सशस्त्र संङ्घर्ष वा युद्धको कारण त्यो देश वा समाजको आर्थिक सामाजिक, संरचनात्मक स्वरुपलाई ठानिन्छ । सामान्यतया समाजको शोषणमूलक संरचनात्मक रुवरुपको कारण मानिसहरु जव असाध्य सुविधा विहीन अवस्थामा बाच्न बाध्य हुन्छन्, त्यसबेला यसले गम्भीर हिंसात्मक विवाद सिर्जना गर्न सक्दछ ।

### ख. आधारभूत मानव अधिकार सम्बन्धी सिद्धान्त (Basic Human Rights Theory)

यस सिद्धान्त अनुसार जस्तो सुकै परिस्थितिमा पनि मानिसका आधारभूत आवश्यकताहरु भनेका पूरा हुनु पर्दछ । मनिसले अन्य सुविधाहरुमा सम्झौता गर्न सक्दछ तर गाँस, बास, कपास, औषधी, खानेपानी, शिक्षा र स्वास्थ्य जस्ता कुराहरु गुमाउन चाहदैन । यी कुराहरु मानिसको आधारभूत अधिकार पनि हो र तर समाजमा बीनबनाउ भएको सामाजिक प्रतिष्ठा वा सम्पत्तिलाई कसैले गुमाउन चाहदैन, जसले गर्दा समाजमा सम्पन्न र विपन्नहरुकाबीच द्वन्द्व शुरु हुन सक्दछ । यस्तै कुराले संसारमा ठूला-ठूला लडाइहरु शुरु भएका उदाहरणहरु रहेका छन् ।

### ग. सामाजिक संवाद सम्बन्धी सिद्धान्त (Social Discourse Theory)

द्वन्द्वसम्बन्धी यो तेस्रो महत्वपूर्ण सिद्धान्तहो । यस सिद्धान्त अनुसार जुन समाजमा सामाजिक व्यवहारहरु अन्यायपूर्ण हुन्छन् र आर्थिक सम्बन्धहरु शोषणमूलक हुन्छन् त्यहाँ मानिसहरुका बीच विवाद र विभाजन सिर्जना हुन सक्दछ । त्यसले विस्तारै भविष्यमा गम्भीर रुप लिन सक्दछ र अन्ततः त्यसले हिंसात्मक स्थिति पनि पैदा गरेको हुन्छ ।

## २.२ द्वन्द्वबाट विस्थापित सम्बन्धी साहित्यको समीक्षा

सरकार र माओवादीबीच भएको द्वन्द्वको नकारात्मक असर प्रत्यक्ष रुपमा आन्तरिक विस्थापनमा परेको छ । जव मानिसले आफू वसेको ठाउँमा सुरक्षा तथा

सहजताको महसुस गर्दैन तव उसले त्यस ठाउँलाई छाडेर वैकल्पिक ठाउँको खोजी गर्दछ ।

नेपालमा भइरहेको माओवादी द्वन्द्व राष्ट्रको मात्रै चासोको विषय वस्तु नभएर अन्तर्राष्ट्रिय समूदायको पनि ध्यानाकर्षण भएको छ । विभिन्न विद्वान, पत्रकार कुटनीतिज्ञहरुले यस सम्बन्धमा कलम चलाएका छन् ।

Muni, 2003 ले Maoist Insurgency in Nepal विषयमा गरेको अनुसन्धानमा नेपालको माओवादी जनयुद्ध २००३ सम्म आइपुग्दा विभिन्न मोडहरु पार गरिसकेको देखिएका छन् । यसमा अनुसन्धानकर्ताले माओवादी जनयुद्ध शुरु हुनाको कारणमा सरकारको असक्षमता, गैर जिम्मेवारीपनलाई उल्लेख गरेका छन् । साथै द्वन्द्वको उचित समाधान सैनिक विधिबाट नहुने कुरा पनि वताएका छन् ।

Balay Advocacy Programme, 2002 को Notes on the Phenomenon of Internal Displacement ले नेपालमा हजारौ मानिसहरु सैनिक गतिविधि तथा माओवादी विद्रोही दुवैका कारणबाट विस्थापित भएको देखाएको छ । तर यो विस्थापनकोदर २००१ देखि तिब्र भएको छ । सरकारको तर्फबाट सुरक्षफौजलाई ग्रामिण क्षेत्रमा व्यापक मात्रमा परिचालन पश्चात धेरै मानिसहरु जिल्ला सदरमुकाम ठूला  शहरी क्षेत्र तथा सीमापारगरी भारततर्फ प्रस्थान गरेको देखाइएको छ । सन् २००२ सम्ममा सुरक्षाफौज र माओवादी बीचको द्वन्द्वबाट नेपालका ७५ वटा जिल्ला मध्ये ७३ वटा जिल्लाहरु प्रभावित भएको देखाएको छ । Pokheral, 2002 ले 'माओवादी उग्र वामपन्थी र प्रजातान्त्रिक निकास' विषयमा गरेको अध्ययनमा माओवादी जनयुद्धका नकारात्मक प्रभावका कारण मानिसहरु आफ्नो स्थायी घरवास छाडेर अन्यत्र वसोवास गरेको देखाएका छन् । धेरै संख्यामा युवाहरु माओवादी तथा प्रहरीको डर र आतंकको कारणबाट विस्थापन हुन वाध्य हुनु परेको तथ्य पत्ता लगाएका छन् । प्रहरीको नजरमा पर्ने व्यक्तिहरुमा माओवादी कार्यकर्ता र उनीहरु प्रति सहानुभूति राख्ने व्यक्तिहरु रहेका छन् भने अर्को तर्फ

माओवादीको निसानामा त्यस्ता व्यक्तिहरु पर्ने गरेका छन् जुन तिनीहरुको पाटीलाई समर्थन गर्दैनन् । माओवादी तथा सरकारबाट भएका यस्ता क्रियाकलापले गर्दा गाउँमा वस्न नसकेर मानिसहरु शान्ति सुरक्षा र रोजगारीको खोजी गर्दै आन्तरिक रुपमा विस्थापित भएका छन् । Global IDP Project, 2005 को आन्तरिक रुपमा विस्थापितहरुको Profile अनसार सुरक्षाफौज माओवादी विद्रोही अथवा युद्धकोडरले गर्दा नेपालका दुर्गम ग्रामिण क्षेत्रका विशेषगरी युवाहरु जवरजस्ती आफ्नो घर छोड्न बाध्य भएका छन् । उनीहरु परिवार सहित शहरहरु तथा भारततिर विस्थापन भएका छन् र उनीहरुको अवस्था ज्यादै दयनीय रहेको देखाइएको छ ।

GTZ, 2003 लगाएतका विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरुले सम्युक्त रुपमा द्वन्द्वबाट भएको आन्तरिक विस्थापन सम्बन्धी प्रारम्भिक अध्ययन प्रतिवेदन तयार गरेका छन् । Nepal IDP Research Initiative Findings नामक उक्त अध्ययन प्रतिवेदनमा द्वन्द्वले दुई प्रकारबाट मानिसहरुलाई विस्थापन हुन प्रभाव पारेको कुरा निष्कर्ष निकालेको छ । उक्त प्रतिवेदनमा द्वन्द्वबाट प्रत्यक्ष भौतिक क्षति हुने डरले विस्थापन हुनुलाई प्रत्यक्ष प्रभाव र द्वन्द्वको कारणबाट आफू वसिराखेको ठाउँमा सुख सुविधाहरु कम हुने जीवनयापन गर्न अप्ठेरो हुने आदि कारणबाट विस्थापन हुने प्रक्रियालाई अप्रत्यक्ष प्रभावको रुपमा उल्लेख गरेको छ । प्रतिवेदनले विस्थापित व्यक्तिहरु शहरी क्षेत्रतर्फ आकर्षित हुने मुख्य तत्वहरु यस प्रकार उल्लेख गरेको छ ।

क. रोजगारीका अवसरहरु

ख. शान्ति सुरक्षा

ग. इष्टमित्र साथीसँगी संग समिप्यता

प्रतिवेदनमा आन्तरिक रुपमा विस्थापित भएका व्यक्तिहरुलाई ३ समूहमा वर्गीकरण गरिएको छ ।

अ. सुरक्षाकर्मीका परिवार

आ. पूर्व माओवादी कार्यकर्ता

इ. सर्वसाधारण वा गैर सैनिक व्यक्तिहरु

Kernot, 2003 ले Insurgency and Displacement शिर्षकमा गरेको अध्ययनमा, नेपालमा द्वन्द्वबाट आन्तरिक रुपमा विस्थापनभई देशका विभिन्न ठाउँहरु बाट काठमाडौंमा आएर वसेका विस्थापितहरु संगको अन्तरवार्तामा आधारित रहेर गरेको अनुसन्धानमा विस्थापितहरुको संख्या, विस्थापनको प्रकृति, विस्थापनको क्षेत्र, विस्थापितहरु प्रतिको उत्तरदायित्व आदि कुराहरुलाई प्रमुखताका साथ उठान गरिएको छ । अनुसन्धानले विस्थापितहरुको संख्या अनुमान गरिएको भन्दा ज्यादै भिन्न रहेको देखाएको छ । विस्थापितहरुको आवश्यकताहरुलाई स्थानीय, क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा किटानगरि उनीहरु प्रति उत्तरदायित्व वहन गर्न सम्बन्धीत क्षेत्रको ध्यानाकर्षण गराएको छ ।

Martinex, 2002 ले Conflict Related Displacement in Nepal शीर्षकमा गरेको अनुसन्धानमा उनले नेपालमा द्वन्द्वबाट विस्थापित हुनेहरुमा राजनीतिज्ञ तथा पार्टीकार्यकर्ताहरु वढीमात्रामा रहेका छन, त्यसमा पनि विशेष गरेर नेपाली कांग्रेसका पार्टीकार्यकर्ताहरु गा.वि.स. अध्यक्ष, शिक्षक, जमीनदार रहेको निष्कर्ष निकालेका छन् ।

सशस्त्र द्वन्द्वको कारणबाट महिला र बालबालिकाहरु वढी जोखिममा परेका छन् । केही अनुसन्धानकर्ताहरुले द्वन्द्वको समयमा महिलाहरु सँग सम्बन्धित विभिन्न पक्षहरुलाई समेटेर अनुसन्धान गरेका छन् । Gautam, 2001 ले आफ्नो पुस्तक Where There are No Men मा जनयुद्धमा महिलाहरुको सहभागिता र माओवादी प्रभावित जिल्ला विशेष गरेर रोल्पा, रुकुम र गोरखामा महिलाहरुको जीवन अवस्थाको बारेमा अध्ययन गरेर यस सम्बन्धी विवरण प्रश्तुत गरेका छन् । उक्त अध्ययनमा विस्थापनको कुरालाई समावेश गरिएको छैन । माओवादी द्वारा गरिएको आतंकलाई भन्दा राज्यद्वारा गरिएको दमनलाई वढी प्रकास पारिएको छ । अनसन्धानकर्ताले महिलाहरुमाथि हुने विभिन्न प्रकारका दमन शोषणहरु जस्तैः बलात्कार, यौन दुर्व्यवहार, धम्की, हत्या आदिको पनि उल्लेख गरेका छन् तर द्वन्द्वको कारणबाट विस्थापन हुन बाध्य परियको कुराहरु उल्लेख गरेका छैनन् । यसै

सम्वन्धमा अर्का अनुसन्धानकर्ता Benninger, 1999 ले महिला विरुद्धको हिंसा नामक प्रतिवेदनमा नेपालमा लगभग ७५% भन्दा वढी विस्थापितहरु महिला र उनीहरुका केटाकेटी रहेकाछन् । यदि घरमा पुरुष नभएको अवस्था जस्तै पति अथवा बाबुको मृत्यु भएको, जेलमा वसेको, सेनामा भर्ती भएको आदि अवस्थाको आधारमा गणना गर्ने हो भने यो अनुपात वढेर ९०% सम्म पुग्दछ । Pokherel, 2002 ले ग्रामिण क्षेत्रबाट युवाहरुको वढ्दो मात्रामा विस्थापनको कारणले गर्दा द्वन्द्व प्रभावित क्षेत्र महिला बालबालिका तथा वृद्ध वृद्धाहरु मात्रै वस्ने स्थानको रुपमा परिणत भएको देखाएका छन् । भूमिगत तथा विस्थापन हुने व्यक्तिहरु अधिकांश पुरुषहरु रहेको अध्ययनले देखाएको छ । यसरी गाउँबाट कामगर्न सक्ने पुरुषहरु विस्थापित हुँदा गाउँमा पुरुषहरुले गर्ने सम्पूर्ण कामको दायित्व पनि महिलालेनै निर्वाह गर्नुपर्दा उनीहरुले थप कष्ट सहनु परिरहेको छ । यसैगरि Pradhan, 2004 ले युद्धको भुमरीमा बालबालिकाहरु भन्ने पुस्तकमा बालबालिकाले भोग्नु परेका समस्याहरुलाई चित्रित गरेकाछन् । अभिभावकहरु आफ्ना छोराछोरीहरुलाई माओवादीहरुले बालसेना, सांस्कृतिक कार्यक्रमका कलाकार इत्यादिको रुपमा प्रयोग गर्न लैजान्छन भन्ने डरले त्रसित छन् जसको कारण उनीहरुमाथि हुनसक्ने हानी नोक्सानीबाट जोगाउन बाल बालिकाहरु सहित विस्थापित भएका छन् । नेपालमा द्वन्द्व पीडित बालबालिकाहरुको विस्थापनको बैज्ञानिक तथ्याङ्क उपलब्ध नभएतापनि यस क्षेत्रमा क्रियाशिल संस्थाहरुले तयार पारेको प्रतिवेदन अनुसार सन् २००४ सम्ममा १ लाख देखि २ लाखको संख्यामा मानिसहरु विस्थापित भएका छन् र तिनीहरु मध्ये कम्तिमा २५% मानिसहरु १८ वर्ष मुनिका रहेको अनुमान रहेको छ ।

Raj, 2004 ले 'वुद्धको भूमिमा माओवादी' भन्ने पुस्तकमा नेपालको समग्र विस्थापनको अवस्थालाई उल्लेख गरेका छन् । नेपालमा २५ लाख अर्थात कूल जनसंख्याको लगभग १० प्रतिशत मानिसहरु आफ्नो घरबाट विस्थापित भई आन्तरिक शारणार्थी भएका छन् । विस्थापित भएका धेरै व्यक्तिहरुले अन्तर्राष्ट्रिय सीमा पार गरेका छन् ।

विस्थापित भएका अधिकांश मानिसहरु ग्रामिण क्षेत्रका छन् । उनीहरु माओवादी धम्की तथा आक्रमण हुने डरले गर्दा विस्थापन भएका छन् । माओवादीद्वारा बलपूर्वक सेनामा भर्ती गराउने हत्या तथा सरकारी सुरक्षा फौजद्वारा नियन्त्रण हुने आदि मुख्य कारणहरुले गर्दा मानिसहरु विस्थापन भएका छन् । आन्तरिक रुपमा विस्थापन भएकाहरु ग्रामिण तथा शहरी क्षेत्रमा कृषिकामदार र अस्थायी ज्यालादारीमा काम गर्ने गर्दछन् ।

Kumar, 2003 ले Consequences of the Militarized Conflict and the Cost of Violence in Nepal नामक Journal मा नेपालका धेरैजस्तो आन्तरिक विस्थापितहरु आफ्ना नातेदार तथा साथीभाईको घरमा वस्ने गरेको निष्कर्ष निकालेको छ, जसमा लगभग ३०-४० प्रतिशत विस्थापितहरुले शहरी क्षेत्रमा नै घर जग्गा किनेर वसेको अनुमान छ । हिंसाबाट पर्ने प्रत्यक्ष असर, द्वन्द्वरत पक्षहरुले गर्ने व्यवहार युद्धको अवस्थाले पार्ने कठिनाई, दैनिक जीवन गुजारा गर्न अप्ठेरो आदि आन्तरिक विस्थापन गराउने मुख्य कारक तत्व रहेको निष्कर्ष INSEC, 2004 ले निकालेको छ ।

INPED, 2004 ले माओवादी धम्की पाएका धेरै जसो मानिसहरु जिल्ला सदरमुकाममा बसेका र ति मध्ये केही राजधानी तथा अन्य ठूला शहरमा विस्थापित भएको जनाएको छ । माओवादी क्रियाकलापको विरुद्ध बोल्ने अधिकांश व्यक्तिहरु विस्थापित भएका छन् भने सरकारी सुरक्षाफौज बाट डराएर विस्थापन भएका व्यक्तिहरुको अवस्था अज्ञात रहेको निष्कर्ष निकालेको छ ।

मानिसहरुलाई विस्थापन गराउनमा माओवादी तथा सुरक्षाफौज दुवै उत्तिकै मात्रामा जिम्मेवार रहेका छन् । उपर्युक्त अध्ययन प्रतिवेदनले पनि द्वन्द्वबाट आन्तरिक रुपमा विस्थापन तथा सामाजिक आर्थिक अवस्थाको बारेमा पनि छर्लङ्ग पारेको छ ।

Khatiwada, 2004 ले 'नेपालमा आन्तरिक रुपमा विस्थापितहरु : समस्या र चुनौतीहरु' विषयमा गरेको अध्ययनमा उनले द्वन्द्वबाट आन्तरिक रुपमा विस्थापित व्यक्तिहरुका मुख्य समस्याहरु निम्नानुसार चित्रित गरेका छन्. ।

क. आन्तरिक रुपमा विस्थापित व्यक्तिहरुको औपचारिक रुपमा दर्ता छैन ।

ख. मानिसहरु विस्थापन हुने प्रकृयाको अनुगमन गर्ने संयन्त्र छैन ।

ग. विस्थापन गोप्य प्रकृतिको छ ।

घ. देशको दक्षिणी भागमा खुला सिमाना छ ।

ङ. कुनै पनि संघ संगठनले आन्तरिक रुपमा विस्थापितहरुको वास्तविक संख्या पत्ता लगाउन सकेका छैनन ।


Baral, 2006 ले लमजुङ्ग जिल्लाबाट आन्तरिक रुपमा विस्थापन भई काठमाडौंमा आएर वसेका विस्थापितहरुको जीविकोपार्जनको अवस्थाको वारेमा गरिएको अध्ययनमा धेरैजसो विस्थापितहरु ग्रमिण क्षेत्रबाट आएका र उनीहरुमा राम्रो ज्ञान, सीप दक्षता नभएको हुँदा काम पाउन ज्यादै कठिन भइरहेको अध्ययनले देखाएको छ । उनीहरुले दैनिक ज्यालादारीमा श्रमिकको काम गरेर जीवन गुजारा गरिरहेको देखिएको छ । उक्त अध्ययनमा उनीहरुले आफ्नो व्यक्तिगत चिनारी तथा पहिचान गुमाएर बाँच्नु परिरहेको अवस्था रहेको छ । राज्यले विस्थापितहरु प्रति वेवास्ता गरेकोले विस्थापितहरु ज्यादै जोखिमपूर्ण अवस्थामा रहेको पाइएको छ । धेरै जसो विस्थापितहरु वढी सुरक्षित ठाउँको खोजीमा काठमाडौंमा नै केन्द्रित हुने र प्राय सवै अदक्ष श्रमिकको रुपमा कामको खोजी गर्ने भएको हुँदा विस्थापितहरुको बीचमा तिब्र प्रतिस्पर्धाहुदा दैनिक ज्यालादारीमा पनि काम नपाइने सम्भावना बढेको बढेको छ, जसले गर्दा विस्थापितहरुको जिविकोपार्जनमा थप संकट आइपरेको तितो यथार्थ उक्त अध्ययनमा देखाइएको छ ।

INSEC, 2004 ले प्रत्येक वर्ष बार्षिक रुपमा प्रकाशन गर्ने मानव अधिकार वर्ष पुस्तक २००४ माजनाइए अनुसार प्रहरी तथा माओवादी दुवैका हिंसात्मक गतिविधिको कारणले गर्दा युवाहरु आफ्नो घर छोडेर भाग्ने गरेका छन् । बलात्कारका घटनाहरुमा वृद्धि भएको कारणले गर्दा छोरीहरुलाई चाँडै विवाह गरिदिने चलन वढेको छ । एकातर्फ सादापोशाकमा आउने सुरक्षाकर्मीले दुःख दिने गर्दछन् भने अर्को तर्फ माओवादीहरुलाई खाना खुवाउनु पर्ने, वास वस्न दिनुपर्ने,

उनीहरुका सैन्य सामाग्रीहरु राखिदिनु पर्नै र उनीहरुका गाली धम्की सहनु पर्ने आदि कारणबाट मानिसहरु विस्थापित हुन बाध्य भएका छन् ।

INSEC, 2004 ले विस्थापितहुने व्यक्तिहरुको गन्तव्य स्थानको निर्धारणको सम्बन्धमा एउटा तथ्य निकालेको छ । विस्थापित हुने सबै व्यक्तिहरुको गन्तव्य स्थान एकै ठाउँमा हुदैन उनीहरुको गन्तव्य स्थानलाई विभिन्न कुराहरुले निर्धारण गरेको हुन्छ । परिवारका सदस्यहरुको संख्या, आर्थिक क्षमता, रोजगारी प्राप्त गर्न सक्ने संभावना आदि कुराहरुले विस्थापित व्यक्ति कहाँ, कुन ठाउँ जाने, भन्ने कुराको निर्धारण गर्ने गर्दछ । केही मानिससहरु खतरा वढ्दै जाँदा हतारहतारमा नजिकैको गाउँ अथवा आफ्ना नातेदार कहाँ छोटो अवधिकोलागि शरण लिन पुग्दछन् भने दीर्धकालिन सुरक्षाको खोजीको लागि जिल्ला सदरमुकाम तथा अन्य जिल्लाको सदरमुकाममा गएर बस्ने गर्दछन् । तर धेरै मानिसहरु सिधै राजधानी तथा आफुलाई पाएकपर्ने अन्यठूला शहरहरुमा पुग्ने गर्दछन् ।

**चित्र २.१: आन्तरिक विस्थापनको प्रकृति**




Source : INSEC, 2004.

माथि उल्लेख गरिएका द्वन्द्व सम्बन्धी सैद्धान्तिक सामाग्रीहरुको समीक्षाबाट के थाहा हुन्छ भने परस्पर विपरित विचारहरु उत्पन्न भएपछि द्वन्द्वको शुरुवात हुन्छ । मानव समाजमा द्वन्द्व अभिन्न अङ्गको रुपमा रहेको छ । द्वन्द्व सधैभरि नकारात्मक हुदैन । यदि द्वन्द्व स्वस्थ किसिमबाट भएको छ भने यसले समाजको विकास र प्रगति गराउन सहयोग गर्दछ तर द्वन्द्व अस्वस्थ किसिमको हुन गई हिंसात्मकरुप लिन गयो भने यसले व्यक्ति समाज र राष्ट्रलाई नै विनास गरि अधोगति तर्फ धकेल्न सक्दछ र यसको परिणाम ज्यादै भयानक हुन सक्दछ । त्यसैले द्वन्द्वलाई समयमै उपयुक्त प्रकारबाट समाधान गर्न तर्फ कदम चाल्नु पर्दछ ।

द्वन्द्वबाट विस्थापित सम्बन्धी साहित्यको समीक्षा गर्दा अधिकांश अध्ययनहरु समग्र देशमा भइरहेको विस्थापनको अवस्थाको वारेमा गरिएका छन् । अध्ययनहरुमा माओवादी र सरकार पक्षबीच भएको द्वन्द्वको प्रभावबाट बच्नको लागि मानिसहरु गाउँछोडेर जिल्ला सदरमुकाम ठुला शहरी क्षेत्र, राजधानी तथा कतिपय सीमा पार गरि विदेशमा समेत विस्थापित भएका कुराहरु उल्लेख गरिएको छ । माथि समीक्षा गरिएका समग्र अध्ययन अनुसन्धानहरुमा द्वन्द्वबाट विस्थापन हुनाका प्रमुख कारणहरुमा हत्या हिंसा, अपहरण, वेपत्ता, चन्दा, धम्की, यातना कमजोर सुरक्षा अवस्था जस्ता कुराहरु रहेको पाइयो । तसर्थ यि कुराहरु मध्ये नेपालगन्ज आएका विस्थापितहरुको सम्बन्धमा विस्थापन हुनाका कारणहरुको वारेमा पूर्वनुमान लगाउन अनुसन्धानकर्तालाई सघाउ पुगेको छ । त्यसैगरि माथि समीक्षा गरिएका सामाग्रीहरुको समग्रमा विस्थापन पश्चात विस्थापितहरुले सामना गर्नुपरेका प्रमुख समस्याहरुमा आधारभूत मानविय अवश्यकताका चिजहरु जस्तै गास, वास, कपास, स्वास्थ्य, शिक्षा, रोजगार जस्ता कुराहरु प्रमुख समस्याको रुपमा देखिएकोछ । यसबाट अनुसन्धानकर्तालाई नेपालगन्जको सन्दर्भमा कस्ता-कस्ता कुराहरु प्रमुख समस्याको रुपमा रहन सक्छन् भन्नेवारेमा पूर्वानुमान गर्नको लागि अनुसन्धानकर्तालाई सामान्य आधार वनेको छ । यसरी यी अध्ययनहरुबाट समग्र देशमा भएको विस्थापितहरुको अवस्थाको बारेमा मोटामोटी रुपमा जानकारी प्राप्त

भएता पनि कुनै निश्चित स्थानमा रहेका विस्थापितहरुको सुक्ष्म अध्ययनको अभाव देखिएको छ । कुनै खास स्थानको वातावरण परिस्थिति आदिको विविधताले गर्दा विस्थापितहरुको अवस्था सबै ठाउँमा एकै प्रकारको हुदैन, तसर्थ यस अध्ययनमा नेपालगन्जमा रहेका विस्थापितहरुको वारेमा विस्तृत तथा गहन अध्ययन गर्ने कोशिश रहेको छ ।

अध्याय - ३

# अनुसन्धान पद्धति (Research Methodology)

शोधकार्यलाई व्यवस्थित र क्रमवद्ध ढंगले संचालन गर्न उपयुक्त प्रकारको अनुसन्धान विधिको आवश्यकता पर्दछ । अनुसन्धानका क्रममा अनुसन्धान विधि भित्र रहेर ज्ञान प्राप्त गर्न प्रयोग गरिने तथ्य सङ्कलन र विश्लेषणको प्रविधि र रणनीति नै अनुसन्धान पद्धति (Methodology) हो, जसबाट वैज्ञानिक खोजका लागि क्रमवद्ध र व्यवस्थित अध्ययन गर्न सकिन्छ (Acharya, 2002)।

यस अध्यायमा अनुसन्धानको लागि किन निश्चित विधिहरुको छनौट गरियो ? सूचनाको स्रोत र प्रकृति कस्तो हुने ? सूचनाको सङ्कलन गर्न कुन-कुन विधि र तरिका अपनाउने, प्राप्त सूचना तथा जानकारीहरुलाई कसरी व्यवस्थित गर्ने तथा प्रश्तुत गर्ने भन्ने रहेको छ । यस अधययनमा संख्यात्मक तथा गुणात्मक दुवै प्रकारको विधिलाई उपयोग गरिएको छ ।

## ३.१ अनुसन्धानको ढाँचा - समस्याको उत्पति

अनुसन्धानकार्यलाई व्यवस्थित रुपमा सम्पन्न गर्नका लागि अनुसन्धान पूर्वनै तयार पारिएको योजनालाई अनुसन्धान ढाँचा (Research Design) भनिन्छ (Acharya, 2002। भूगोल मानिस र स्थानबीचको सम्बन्धको अध्ययन गर्ने विज्ञान भएकाले मानवीय क्रियाकलापको अध्ययन भूगोलको केन्द्रीय भागमा पर्दछ । यस अध्ययनमा पनि मानवीय क्रियाकलापहरुबाट उत्पन्न भएको परिस्थितिको बारेमा अध्ययन गर्न लागिएको छ ।

मानव सभ्यताको विकासक्रम संगै मानिसहरु प्राकृतिक तथा मानवीय क्रियाकलापको कारणले एक ठाउँबाट अर्को ठाउँमा विस्थापन हुदै आइरहेका छन् । यसरी विस्थापन हुने प्रकृया नियमित रुपमा नै भइरहेको हुनाले विश्वमा यो खासै नयाँ विषय वस्तुको रुपमा मानिदैन । नेपालको सन्दर्भमा हेर्ने हो भने पनि विगतका

वर्षहरुमा बाढी पैह्रो विभिन्न प्रकारका विकास निर्माणका कार्यहरुबाट पनि मानिसहरु विस्थापन हुन पुगेका छन् । तर यसरी विस्थापित हुने व्यक्तिहरु थोरै संख्यामा हुने हुँदा यसबाट ठूलो समस्या उत्पन्न भएको थिएन तर विगत एक दशक यता आएर नेपालमा नयाँ खालको विस्थापनको प्रकिया सिर्जना भएको छ । देशव्यापी रुपमा भएको सशस्त्र द्वन्द्वको कारणबाट धेरै मानिसहरु आफ्नो वासस्थानबाट विस्थापित हुन पुगे । छोटो समयमै धेरै मानिसहरु विस्थापित भएर सुरक्षित स्थानको खोजीमा जिल्ला सदरमुकाम तथा शहरी क्षेत्रमा प्रवेशगर्न थाले । यसरी अस्वभाविक रुपमा धेरै मानिसहरु शहरी क्षेत्रमा आउदा उनीहरुले धेरै समस्याहरु भोग्नु परिरहेको छ । मानवीय न्यूनतम आधारभूत आवश्यकताहरु (गाँस, बास, कपास) विना पनि मानिसहरु बाँच्न विवस भइरहेको अवस्था छ । त्यसैले नेपालमा उत्पन्न भएको यो नयाँ खालको समस्या भएकोले अनुसन्धानकर्ता द्वारा यो विषय अध्ययनको लागि छनौट गरिएको छ ।

## ३.२ अध्ययन क्षेत्रको छनौट (Selection of Study Area)

नेपालमा सशस्त्र द्वन्द्वको अवधिमा सरकारी सुरक्षा संयन्त्रहरु राजधानी, ठूला शहरी क्षेत्र तथा जिल्ला सदरमुकामहरुमा नै प्राय सीमित हुन पुगे भने अधिकांश ग्रामिण क्षेत्रहरुमा सरकारी सुरक्षा निकायको अनुपस्थितिले गर्दा त्यस क्षेत्रको सुरक्षा स्थिति दिन प्रतिदिन नाजुक हुँदै गइरहेको अवस्थामा मानिसहरु सुरक्षित स्थानको खोजीमा जिल्ला सदरमुकाम ठूला शहरी क्षेत्र तथा राजधानीतर्फ विस्थापन हुन थाले । नेपालगन्ज नेपालकै प्रमुख शहरहरु मध्येको एक हो र मध्यपश्चिमाञ्चल विकासक्षेत्रकै व्यापारीक तथा औद्योगिक केन्द्रको रुपमा रहेको छ । यहाँ शिक्षा, स्वास्थ्य, संचार, विद्युत आदि सबै सुविधा उपलब्ध रहेको छ । त्यस्तैगरि यहाँ सुरक्षाको पनि राम्रो व्यवस्था रहेको छ । क्षेत्रीय स्तरका सैनिक तथा प्रहरी कार्यालयहरु पनि रहेका छन् । सुरक्षा तथा सुविधाको हिसाले नेपालगन्ज ज्यादै राम्रो अवस्थामा रहेकोले धेरै विस्थापित व्यक्तिहरु यस ठाउँमा आउनसक्ने अवस्थालाई ध्यानमा राखेर अध्ययनको लागि यस क्षेत्रलाई छनौट गरिएको छ ।

## ३.३ अनुसन्धान विधि (Research Method)

शोधकार्यको लागि अर्को महत्वपूर्णकार्य भनेको उपयुक्त प्रकारको अनुसन्धान विधिको प्रयोग गर्नु हो । अनुसन्धान विधिको छनौट गर्ने कुरा अनुसन्धानको विषयवस्तु र उद्देश्यपूरा गर्नको लागि आवश्यक सूचनाको प्रकृतिमा निर्भर रहन्छ । यस अध्ययनको मुख्य समस्या भनेको विस्थापन हुनाका कारण र गन्तव्य स्थानमा पुगेपछि विस्थापितहरुले भोग्नु परेका समस्याहरुको स्थिति पत्ता लगाउनु हो । त्यसैले यो अनुसन्धानमा गुणात्मक तथा परिमाणात्मक दुवै विधिको उपयोग गरिएको छ, तापनि गुणात्मक विधिलाई वढी प्राथमिकता दिइएको छ ।

## ३.४ सूचनाको प्रकृति र स्रोत (Nature and Source of Data)

यस अध्ययनमा गुणात्मक तथा परिमाणात्मक दुवै प्रकृतिका तथ्याङ्क सङ्कलन तथा प्रयोग गरिएका छन् । यस अध्ययनमा अधिकांश सूचनाहरु गुणात्मक प्रकृतिका छन् । 'गुणात्मक विधिको मुख्य लक्ष्य विभिन्न वर्णनात्मक स्रोतबाट प्राप्त सूचनालाई सहि रुपले अनुसन्धान कार्यमा प्रश्तुत गुर्न हो । गुणात्मक विश्लेषणले 'उत्तरदाताले आफ्नै शब्दमा के भनेको छ त्यसको विस्तृती र गहिराइ बुझ्न सहयोग गर्दछ (Subedi, 1993)।

यस अध्ययनमा मुख्यतया स्थलगत सर्वेक्षणबाट संकलन गरिएको प्राथमिक तथ्याङ्कको उपयोग गरिएको छ । त्यस्तै द्वितीय तथ्याङ्कहरु पूर्व अध्ययन गरिएका प्रकाशित तथा अप्रकाशित सामाग्रीहरुबाट तथ्याङ्क संकलन गरिएको छ । द्वितीय स्रोतबाट प्राप्त तथ्याङ्कलाई पूर्व अध्ययन सामाग्रीको रुपमा उपयोग गरिएको छ ।

## ३.५ नमूना छनौट प्रक्रिया (Sampling Proceedure)

समग्र जनसंख्याबाट निश्चित प्रतिनिधिमूलक एकाइको छनौट कार्यलाई नमूना छनौट भनिन्छ । संगणना (Census) विधिमा समय स्रोत र साधनका दृष्टिले वढी खर्चिलो हुने भएकाले यस अध्ययनमा नमूना छनौट गरेर अध्ययन गरिएको छ ।

द्वन्द्वको कारणबाट आन्तरिक रुपमा विस्थापित भएका व्यक्तिहरु डर, त्रासका कारणले गर्दा गोप्य रुपमा, आफ्नो परिचय नखुल्ने गरेर बस्नसक्ने हुन्छन् यस्तो अवस्थामा विस्थापितहरुको पहिचान गरि तथ्याङ्क संकलन गर्न निकै कठिन पर्दछ । गोप्य रुपमा रहेका विषय वस्तुको अध्ययनकार्यमा स्नोवल (Snow ball) नमूना छनौट विधि उपयुक्त हुने भएकाले यस अध्ययनमा पनि सोही विधिको उपयोग गरिएको छ । स्नोवल (Snow ball) नमूना छनौट विधिमा सर्वप्रथम थोरै उत्तरदाता पत्ता लगाएर तिनीहरु मार्फत नै अन्य उत्तरदाताहरुको बारेमा सूचना वा जानकारी लिएर त्यसैको आधारमा अन्य उत्तरदाताको खोजी गरिन्छ । यसरी अनुसन्धान सम्बन्धको श्रृखला एकपछि अर्को गर्दै बढाउदै लागिन्छ ।

## ३.६ तथ्याङ्क सङ्कलनका विधि र तरिका (Data Collection Tools and Techniques)

सवै प्रकारका अनुसन्धानलाई तथ्याङ्कको आवश्यकता पर्दछ । अनुसन्धानकार्यमा तथ्याङ्क सङ्कलन गर्दा कसरी क्रमवद्ध प्रयाप्त, गुणस्तरिय तथ्याङ्क प्राप्त गर्ने सोचाइ राख्नु पर्दछ । कुनै पनि अनुसन्धान ढाँचाको केन्द्रीय मर्मनै तथ्याङ्क सङ्कलन हो । त्यसैले प्रत्येक अनुसन्धानको स्तर तथ्याङ्क सङ्कलन र विश्लेषणमा आधारित हुन्छ । यस अध्ययनमा यथासम्भव उत्तरदाताहरुबाट बास्तविक सूचना सङ्कलन गर्नको लागि वढी प्रयास गरिएको छ । यस अध्ययनमा समावेश गरिएका अधिकांश तथ्याङ्कहरु प्राथमिक तथ्याङ्कछन् जुन करिव दुई महिनाको स्थलगत सर्वेक्षणबाट प्राप्त गरिएको छ ।

### ३.६.१ प्रश्नावली (Questionnaire)

Snow ball sampling को माध्यमबाट विस्थापित व्यक्तिको पहिचान गरिसकेपछि पूर्वनिर्धारित प्रश्नावलीको आधारमा तथ्याङ्क संकलन गर्ने काम गरिएको छ । प्रश्नावली सर्वेक्षणको मुख्य अभिप्राय आधारभूत सूचना (Baseline

information) हरु जस्तैः परिवार संख्या, उमेर, लिङ्ग, जाति, धर्म, शिक्षा, वैवाहिक स्थिति आदि प्राप्त गर्नु थियो ।

Show ball sampling को आधारमा नेपालगन्ज नगरपालिका विभिन्न स्थानहरुमा रहेका विस्थापितहरुको खोजी गर्दा उपलब्ध हुन सकेका ३७ जना व्यक्तिहरुलाई प्रश्नावली सर्वेक्षणमा सहभागि गराइएको छ ।

### ३.६.२ गहन अन्तर्वार्ता (In-depth Interview)

व्यक्तिको धारणा वुझ्न अन्तर्वार्ताकारको प्रवाहसँगै विस्तृत र गहन तथ्य सङ्कलन गर्ने विधि नै गहन अन्तर्वार्ता हो । कुनै पनि विषयको गहिराइ सम्म पुगेर समग्र अध्ययन गर्नु परेमा यस तरिकालाई अवलम्बन गरिन्छ । गहन अन्तर्वार्ता (In-depth Interview) अन्तर्वार्ता लिने र दिने बीचको विनिमयको मध्यम हो (Subedi, 2005)। यस प्रकारको अन्तर्वार्तामा प्राय असंरचित प्रश्न प्रयोग गरिन्छ । प्रश्नावली सर्वेक्षणले समेटन नसकेका कुराहरुलाई समेटने उद्देश्यले गहन अन्तर्वार्ता लिइएको छ । यस कार्यमा अनुसन्धानकर्ताले उत्तरदातासँग राम्रो सम्बन्ध स्थापित गरिसकेपछि अनौपचारिक तरिकाबाट अन्तर्वार्ता लिइएको छ । यस अन्तर्वार्तामा विस्थापन कसरी हुन पऱ्यो ? विस्थापित भइसके पछि कस्ता समस्याहरु आइपरेका छन् ? आदि जस्ता प्रश्नको विस्तृत तथा गहन रुपमा उत्तर खोज्ने प्रयास गरिएको छ ।

### ३.६.३ खास-खास सूचनादातासँग अन्तर्वार्ता (Key Informant Interview)

गुणात्मक तथ्याङ्क सङ्कलन गर्नको लागि खास-सूचनादातासँगको अन्तर्वार्ता पनि एक प्रमुख विधि हो । यो पनि एक अनौपचारिक रुपमा गरिने अन्तर्वार्तानै हो । यस अन्तर्वार्तामा त्यस्ता व्यक्तिहरु समावेस गरिएको छ, जुन प्रत्यक्ष रुपमा अध्ययनमा समावेश नभएका तर त्यस विषय वस्तुको बारेमा राम्रो जानकारी भएका व्यक्तिहरुलाई खास सूचनादाताको रुपमा चयन गरिएको छ । यस्ता सूचनादाताहरुले विषय वस्तुको बारेमा व्यापक रुपमा जानकारी उपलब्ध गराउने गर्दछन् । यस्ता व्यक्तिहरुसँगको अन्तर्वार्ताबाट अध्ययनमा सहभागिहरुले दिएका

उत्तरहरुको सत्यताको परिक्षण गर्न पनि सकिन्छः, जुन गुणात्मक विश्लेषणको लागि महत्वपूर्ण तत्व हो । यस अध्ययनमा खास सूचनादाताको रुपमा विस्थापितहरुसँग सम्बन्धित रहेका फरक-फरक प्रकृतिका व्यक्तिहरुको चयन गरिएको छ । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) क्षेत्रीय कार्यालय नेपालगन्जका अनुसन्धान अधिकृत, स्थानीय राजनीतिक कार्यकर्ता, विस्थापितहरु बसेको घरको घरमालिक, विस्थापित व्यक्तिहरुले प्राय जसो सामान किन्ने गरेको पसलेहरुलाई खास-खास सूचनादाताको रुपमा समावेश गरिएको छ । उनीहरुबाट प्रश्नावलीको क्रममा प्रापत गर्न नसकिएका जानकारीहरु प्राप्त गर्न खोजिएको छ,: जसमा धेरै विस्थापितहरु कुन ठाउँबाट कस्तो अवस्थामा आएका छन् । विस्थापितहरुको आर्थिक अवस्था कस्तो छ ? स्थानीय समुदायले उनीहरु प्रति हेर्ने दृष्टिकोण कस्तो रहेको छ भने कुराहरुको वारेमा जानकारी प्राप्त गर्न खोजीएको छ ।

### ३.६.४ अवलोकन (Observation)

गुणात्मक अनुसन्धानका लागि त्यसका सूचनाहरु शब्द, चित्र तथा आवाजबाट प्राप्त हुन्छन् जसलाई सजिलै संख्यामा प्रश्तुत गर्न सकिदैन (Tale, 2000)। अवलोकन तिनै सूचना प्राप्त गर्ने शक्तिशाली प्रविधि हो । अवलोकन पूर्व स्थलगत भ्रमण देखि प्राथमिक तथ्याङ्क संकलन गरिने सम्पूर्ण समयावधि भर उपायोग गर्न सकिन्छ । यसले अनुसन्धानको लागि दृश्यात्मक अथवा नि-शब्द व्यवहारको सूचना प्रदान गर्दछ। अवलोकनबाट उत्तरदातासँग कुनै प्रश्न नसोधिकनै उसका हाउ भाउबाटै सूचना प्राप्त गर्न सकिन्छ । सहि रुपमा अवलोकन गर्न सकेको खण्डमा उत्तरदाताले कतिहद सम्म वास्तविक सूचना दिइरहेको छ भन्ने कुराको मूल्याङ्कन समेत गर्न सकिन्छ । सूचनादाताले शब्दमा व्यक्त गर्न नसकेका कतिपय कुराहरु पनि अवलोकनबाट ग्रहणगर्न सकिन्छ । यस अध्ययनमा अनुसन्धानकर्ताबाट प्राथमिक तथ्याङ्क सङ्कलन गर्ने सम्पूर्ण अवधिभर होसियारी पूर्वक अवलोकन गरिएको छ ।

### ३.६.५ स्थलगत टिपोट (Field Note)

स्थलगतकार्यको अवधिमा तथ्याङ्क सङ्कलन गर्ने महत्वपूर्ण साधनको रुपमा स्थलगत टिपोटलाई लिइन्छ । स्थलगत टिपोट तथ्याङ्क सङ्कलन गर्ने सहायक सामाग्रीको रुपमा लिइन्छ । अरु विधिबाट समेटन् नसकिएका अथवा छुटेका कतिपय महत्वपूर्ण कुराहरु यसमा समावेस भएको हुन्छ । स्थलगत कार्यको अवधिमा धेरैजसो समय उत्तरदाताहरुसँग अनौपचारिक कुराकानी गरिएको हुन्छ त्यस्ता कुराहरुलाई स्थलगत टिपोटमा टिपोट गरिएको छ । अध्ययन क्षेत्रमा रहदाको अवधिमा अनुसन्धानकर्ताले देखेका भोगेका, अनुभव गरेका महसुस गरेका कुराहरु पनि स्थलगत टिपोटमा समावेश गरिएको हुन्छ । स्थलगत टिपोटले अध्ययन क्षेत्रको काम समाप्त गरेर तथ्याङ्कहरुको विश्लेषण गर्ने वेलामा अध्ययन क्षेत्रमा गरेका सम्पूर्ण कार्यहरुको एक-एक गरेर स्मरण गर्नको लागि सहयोग पुऱ्याउदछ जुन अनुसन्धानकर्ताको लागि ज्यादै महत्वपूर्ण हुन्छ ।

## ३.७ स्थलगत अध्ययनका अप्ठेराहरुः एक अध्ययन अनुभव (Field Difficulties: Research Experience)

अध्ययनको लागि छनौट गरिएको क्षेत्र अनुसन्धानकर्ताको छिमेकी जिल्लाको सदरमुकाम तथा यस क्षेत्रकै प्रमुख शहरुको रुपमा रहेको छ । अनुसन्धानकर्ताको किनमेलको प्रमुख वजार भएको कारणलेगर्दा पनि अनुसन्धानकर्ताको लागि एकदमै परिचित ठाउँको रुपमा रहेको छ, त्यसकारण अध्ययन क्षेत्रपत्ता लगाउनको लागि अनुसन्धानकर्तालाई कुनै अप्ठेरो परेन । अध्ययनको विषयवस्तु गम्भीर र संवेदनशिल भएकाले उत्तरदाताको खोजी कसरी गर्ने भन्ने कुराले अनुसन्धानकर्तालाई समस्या पाऱ्यो । अध्ययन क्षेत्रमा विस्थापित व्यक्तिहरुको लागि छुट्टै शिविर भइदिएको भए उनीहरुको पहिचानमा सहजता हुने थियो तर त्यहाँ त्यस्तो व्यवस्था नभएकोले विस्थापितहरुको पहिचान गर्न कठिनाइ उत्पन्न भयो । यो समस्याबाट निकास पाउनको लागि अनुसन्धानकर्ताले त्यसै ठाउँमा स्थित ‘इन्सेक’ क्षेत्रीय कार्यालयमा गएर कार्यालको सम्पर्कमा आएका ८/१० जना व्यक्तिहरुको जानकारी लिए पछि अनुसन्धानकर्तालाई एउटा अन्योलको अवस्थाबाट निकास मिलेको अनुभव भयो ।

अध्ययनको क्रममा देखिएको अर्को अप्ठेरो एउटा उत्तरदाता मार्फत अर्को उत्तरदाता बस्ने ठाउँ आदिको जानकारीलाई आधार मानेर खोज्दै जानुपर्ने तर खोज्दैजाँदा उक्त ठाउँमा पुगेपछि उत्तरदाता नभेटिने समस्याको रुपमा देखियो । यसै क्रममा स्थानीय बाँके गाउँको एउटा घरमा गई विस्थापितको बारेमा सोध्दा घरमालिकले यस्तो जवाफ दिए - *'मेरो घरमा पहिले ३/४ जना पहाठतिरका मान्छे बस्थे तर अहिले छैनन् गइसके,'* यस्तो जवाफ पाएपछि निराश हुँदै रित्तोहात फर्कनु पऱ्यो । स्थलगत अध्ययनको क्रममा केही व्यक्तिहरु आफू: विस्थापित हुँदा हुदै पनि आफूलाई डर, त्रासको कारणले विस्थापितको रुपमा चिनाउन नचाहेको पाइयो । विस्थापितहरुबाट सूचनालिन निकै मुस्किल पर्ने रहेछ कतिपय विस्थपितहरु कुराकानीकै क्रममा विगतलाई सम्झेर आँसु खसाल्थे भने कसैको बोल्दा बोल्दै एकाएक गला अवरुद्ध हुन्थ्यो ।

अध्ययनको क्रममा देखिएको अर्को समस्या नयाँमान्छेलाई शंकाको दृष्टिले हेर्ने गरेको पाइयो केही विस्थापितहरु त कुरा गर्नै नमान्ने त्यसपछि कुरागरे पनि पुरा कुरा नगर्ने र आधा आधी कुरागरे पछि 'आजलाई यति भन्छु अरु पछि अर्को दिन भन्छु फेरी आउनुहोला' भनेर फर्काइदिन्थे र बाँकी कुराहरु गर्नको लागि अर्को दिन जानुपर्ने समस्या हुन्थ्यो ।


समग्रमा केही बाधा अडचन आएतापनि स्थलगत सर्वेक्षणकार्यलाई सफलतापूर्वक सम्पन्न गर्न सकिएकोमा अनुसन्धानकर्तालाई संतोषको अनुभव भएको छ ।

## ३.८ तथ्याङ्कको विश्लेषण र प्रश्तुतिकरण (Data Analysis and Presentation)

अध्ययन स्थलमा विभिन्न विधिहरुबाट संकलन गरिएका तथ्याङ्कहरुलाई संकलन पश्चात तालिकीकरण गरियो । प्रशनावलीहरुबाट प्राप्त परिमाणात्मक सूचनालाई तालिका तथा चार्टमा प्रदर्शन गरिएको छ । स्थलगत सर्वेक्षणमा

अन्तर्वार्ता तथा अवलोकनबाट प्राप्त सूचनाहरुलाई तालिका चार्टमा देखाउन कठिन भएकाले त्यस्ता अनुभव, अनुभूतिहरुलाई कोठा (box) मा राखी धारणाको रुपमा प्रश्तुत गरिएको छ ।

**चित्र ३.१: गुणात्मक तथ्याङ्क विश्लेषण प्रकृया**




Source: After Huerman and Miler 1994 Quoted by subedi, 2005.

# अध्याय - ४

# अध्ययन क्षेत्रको परिचय

नेपालको भू-स्वरुप तथा संरचना विविधतापूर्ण छ । यहाँको धरातल हिमाल, पहाड टार नदी बेंसी तथा मैदानद्वारा ढाकिएको छ । यी भू-भागहरुको सृष्टिको लामो भौगर्भिक इतिहास भएतापनि भू-स्वरुपको हिसावले हिमाल, पहाड र तराई गरी ३ भागमा बाँड्न सकिन्छ ।

नेपालको सबै भन्दा दक्षिणी भागमा भारतीय सीमासँग जोडिएर पूर्व पश्चिम फैलिएर रहेको समथर मैदानलाई तराई प्रदेश भनिन्छ । यो हिमालय खण्ड देखि वहेका कोशी, गण्डकी तथा कर्णाली जस्ता नदीले वगाइ ल्यायको पाँगो माटो यसै क्षेत्रमा थुप्रिन जानाले यहाँको माटो ज्यादै उर्वर छ । तराईको धरातलिय स्वरुप समथर भएकोले गर्दा विकासका पूर्वाधारहरु निर्माण गर्न सजिलो छ । यस क्षेत्रमा उद्योग, व्यापार कृषि व्यावसाय फस्टाएको र रोजगारीका सम्भावनाहरु समेत वढी भएकोले अन्य क्षेत्रको तुलनामा यस क्षेत्रको विकास तिव्र रुपमा भएको छ ।

नेपालको तराई प्रदेशमा रहेका २० वटा जिल्लाहरु मध्ये पश्चिम तराईको जिल्ला अन्तर्गत पर्ने बाँके जिल्ला पनि एक हो, यसै जिल्लाको सदरमुकामको रुपमा नेपालगन्ज नगरपालिका रहेको छ ।

अवस्थिति

सन् १९५९ मा स्थापना भएको यस नगरपालिकाको अवस्थिति २८$^{\circ}$ २' उत्तरी अक्षांस र ८१$^{\circ}$ ४५' पूर्वि देशान्तरमा रहेको छ । १३१४ हेक्टर क्षेत्रफल ओगटेको यस नगरपालिकाको उत्तरमा कारकाँदो र बासुदेवपुर, दक्षिणमा जयसपुर पूर्वमा पुरैना पुरैनी र पश्चिममा इन्द्रपुर र परसपुर गा.वि.स.हरु रहेका छन् । जम्मा १७ वटा वडा रहेको यस नगरपालिकामा १०,५९३ घरधुरी रहेका छन् । वि.सं.

२०५८ सालको जनगणना अनुसार यहाँको कुल जनसंख्या ५९,२३४ रहेको छ जसमा ३१,०४७ पुरुष र २८,१८७ महिला रहेका छन् ।

## हावापानी

समुद्र सतहबाट १६५ मीटरको उचाइमा अवस्थित नेपालगन्जमा उष्ण प्रदेशिय हावापानी पाइन्छ । यहाँको तापक्रम न्यूनतम ५° से. देखि अधिकतम ४६° से. सम्म पुग्दछ । वर्षा ऋतुमा वंगालको खाडीबाट आउने मनसुनीहावा बाट २०० से.मी. सम्म वर्षा हुन्छ भने गृष्म ऋतुमा चल्ने तातो हावा लु (Loo) ले गर्दा यहाँको तापक्रममा एकदमै वृद्धि हुन्छ । नेपालगन्जलाई नेपालकै सवै भन्दा वढी गर्मीहुने ठाउँको रुपमा पनि चिनिन्छ ।

## पूर्वाधारहरु

नेपालगन्ज नेपालकै प्रमुख शहरहरु मध्येको एक हो । यो नगर नेपालको पश्चिमी क्षेत्रको प्रमुख शैक्षिक व्यापारिक, औद्योगिक केन्द्रकै रुपमा रहेको छ । यहाँ प्राथमिक देखि उच्चशिक्षा सम्म प्राप्त गर्नको लागि विभिन्न ६० वटा शिक्षण संस्थाहरु रहेका छन् । यहाँ स्वास्थ्य सेवाको लागि पनि राम्रो व्यवस्था रहेको छ । १२२ शैया (bed) को भेरी अञ्चल अस्पताल, क्षेत्रीय स्तरकै फत्तेवाल आँखा अस्पताल, शिक्षण अस्पताल तथा विभिन्न १९ वटा private clinic हरु रहेका छन् । सुरक्षा निकायका अंगहरु पनि सुदृढ रुपमा रहेकोले यो नगरको सुरक्षा स्थिति पनि राम्रो रहेको छ ।

नेपालगन्ज नगरपालिकामा यातायातको पनि राम्रो व्यवस्था रहेको छ । पूर्व - पश्चिम महेन्द्र राजमार्गको कोहलपुर वाट १६ कि.मि. दक्षिणमा रहेको यो नगरपालिका देशका सबै ठाउँ सँग यातायात सम्पर्क रहेको छ । नेपालगन्जमा सडक यातायातको साथ साथै हवाइ यातायातको पनि सुविधा रहेको छ । नेपालगन्ज विमान स्थल नेपालको दोस्रो व्यस्त विमान स्थलको रुपमा रहेको छ ।

नेपालगन्जबाट काठमाडौं लगाएत पोखरा, वीरगन्ज, विराटनगर, धनगढी महेन्द्रनगर जस्ता प्रमुख शहरहरु तथा यस क्षेत्रका पहाडी जिल्लाहरुमा पनि सिधा बस सेवा उपलब्ध रहेको छ भने मोटरबाटो पुग्न नसकेका ठाउँहरुमा हवाई सेवा उपलब्ध रहेको छ ।

नेपालगन्ज औद्योगिक क्षेत्र यसै नगरपालिकामा अवस्थित रहेको छ । यहाँ प्लाटिक तथा धातुका सामानहरु उत्पादन गर्ने गरिन्छ । त्यस्तैगरि दाल चामल, काठ, कत्था, विस्कुट, आइरन आदि उत्पादन गर्ने विभिन्न २२३ वटा कारखानाहरु संचालित रहेका छन् । नेपालगन्ज नेपाल भारको सीमा सँगै रहेको हुनाले यो नेपाल भारत वीचको प्रमुख व्यापारिक नाकाको रुपमा रहेको छ ।

धार्मिक तथा पर्यटकीय दृष्टिकोणबाट पनि यो नगरको ठूलो महत्व रहेको छ। नगरको मध्य भागमा अवस्थित श्री बागेश्वरी माताको मन्दिर यस क्षेत्रकै महत्वपूर्ण शक्तिपीठमा रुपमा प्रसिद्ध छ । वागेश्वरी मन्दिरको अगाडीपट्टी रहेको तलाउको बीचमा नेपालकै एकमात्र जुँगा भएका खडेश्वर महादेवको मूर्ति रहेको छ जसलाई जुँगे महादेव पनि भनिन्छ, जसको छुट्टै धार्मिक महत्व रहेको छ । वर्दिया राष्ट्रिय निकुन्ज तथा कर्णाली नदीमा निर्मित आकर्षक पुल यस क्षेत्रका प्रमुख पर्यटकीय क्षेत्र हुन । यी क्षेत्रमा जानको लागि नेपालगन्ज प्रवेश द्वारको रुपमा रहेको छ ।

बबअध्याय - ५

# विस्थापितहरुको आर्थिक र सामाजिक अवस्था

यस अध्यायमा देशका विभिन्न ठाउँहरुबाट आन्तरिक रुपमा विस्थापन हुन बाध्य भएका तथा नेपालगन्ज न.पा.मा रहेका विस्थापितहरुको वर्तमान अवस्था र स्थिति उल्लेख गरिएको छ ।

## ५.१ उत्पत्ति जिल्ला अनुसार विस्थापितहरुको संख्या

अध्ययन क्षेत्रमा आएका प्रायजसो विस्थापितहरु मध्यपश्चिमाञ्चल विकास क्षेत्रको पहाडी जिल्लाहरुबाट आएको देखिएको छ । त्यस्तैकेही विस्थापितहरु तराईका विभिन्न जिल्लाहरुबाट पनि आएका छन् ।

**तालिका ५.१ : उत्पत्ति जिल्ला अनुसार विस्थापितहरुको संख्या**

| क्र.सं. | जिल्ला | विस्थापित परिवार | | विस्थापित संख्या | | कूल | कूल |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | पुरुष | महिला | संख्या | प्रतिशत |
| १ | बाँके | ५ | १३.५१ | १३ | ४ | १७ | १३.१७ |
| २ | बर्दिया | ६ | १६.२१ | ९ | १२ | २१ | १६.२६ |
| ३ | रुकुम | ३ | ८.१० | ८ | ६ | १४ | १०.८५ |
| ४ | दैलेख | ७ | १८.९१ | १४ | १२ | २६ | २०.१५ |
| ५ | जुम्ला | ९ | २४.३२ | २२ | १३ | ३५ | २७.१३ |
| ६ | कालिकोट | ४ | १०.५१ | ५ | २ | ७ | ५.४२ |
| ७ | बाजुरा | ३ | ८.१० | ५ | ४ | ९ | ६.०० |
| जम्मा | | ३७ | १००.०० | ७६ | ५३ | १२९ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २००६ ।

माथिको तालिका अनुसार धेरै जसो विस्थापितहरु पहाडी जिल्लाहरुका रहेका छन् । कूल ३७ विस्थापित परिवार मध्ये २६ परिवार अर्थात ७० प्रतिशत परिवार पहाडी जिललाहरुबाट विस्थापित भएका छन् भने बाँकी ३० प्रतिशत परिवार

तराईका जिल्लाहरुबाट भएका छन् । यसरी पहाडी जिल्लाहरुबाट बढी मात्रामा विस्थापित हुनुमा तुलनात्मक रुपमा द्वन्द्वको प्रभाव पहाडी जिल्लामा वढी मात्रामा परेको कारणले गर्दा भएको मानिन्छ । समग्रमा विस्थापितहरुको गन्तव्य स्थलको छनौटमा गन्तव्य स्थलसम्मको दूरी, सुरक्षाको अवस्था, त्यसठाउँमा उपलब्ध सुविधा आदि कुराहरुको पनि प्रभावपर्ने गर्दछ ।

विस्थापितहुनेहरुमा महिलाको भन्दा पुरुषको संख्या अधिक रहेको छ । कूल १२९ जना विस्थापितहरु मध्ये ५९ प्रतिशत पुरुष र ४१ प्रतिशत महिला रहेका छन् । यसबाट के देखिन्छ भने द्वन्द्वको प्रभाव तुलनात्मक रुपमा पुरुषहरुमा अधिक परेको छ ।

## ५.२ जातजाति अनुसार विस्थापितहरुको वितरण

विभिन्न जातजातिहरुले आ-आफ्नै प्रकारका मूल्य मान्यता र संस्कृतिहरु अंगालेका हुन्छन् । यिनै परम्परागत मूल्य मान्यताहरुले उनीहरुको सामाजिक आर्थिक क्रियाकलापलाई पनि प्रभाव पार्ने गर्दछ । अध्ययन क्षेत्रमा विस्थापितहरुको जातजाति अनुसारको वितरण तालिका ५.२ मा प्रश्तुत गरिएको छ ।

**तालिका ५.२ : जातजाति अनुसार विस्थापितहरुको वितरण**

| क.सं. | जातजाति | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ब्राह्मण | ११ | २९.७२ |
| २ | क्षेत्री | १६ | ४३.२४ |
| ३ | दलित | ६ | १६.२१ |
| ४ | थारु | २ | ५.४० |
| ५ | मगर | १ | २.७० |
| ६ | नेवार | १ | २.७० |
| जम्मा | | ३७ | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २००६ ।

माथिको तालिका अनुसार सबै भन्दा वढी संख्यामा विस्थापित भएको जाति क्षेत्री रहेको छ जुन ४३ प्रतिशत छ । त्यस पछि ब्राह्मण जाति २९ प्रतिशत दलित १६ प्रतिशत रहेको छ भने अन्य जातिहरुमा थारु ५ प्रतिशत मगर र नेवार २/२ प्रतिशत रहेका छन् । उक्त तालिका अध्ययन गर्दा ब्राह्मण र क्षेत्री दुई जातिका मानिसहरु द्वन्द्वबाट वढि प्रभावित भएको देखिएको छ । कूल विस्थापित मध्ये यी दुई जातिले मात्रै लगभग ७३ प्रतिशत हिस्सा ओगटेको छ । यसो हुनुमा समाजमा रहेको छुवाछुत जातिपति प्रथा माथिल्लो जातिका मानिसले तल्लो जातिका मनिस प्रति गर्ने दुर्व्यवहार असमानता जस्ता कारणले गर्दा यी दुई जातिमा द्वन्द्वको वढी असर परेको छ ।

## ५.३ उमेर र लिङ्ग अनसार विस्थापितहरुको वितरण

उमेर र लिङ्ग जनसंख्याका आधारभूत तत्व हुन । मानिसको उमेरले उसले गर्ने अथवा गर्न सक्ने आर्थिक, सामाजिक तथा अन्य क्रियाकलापहरुलाई प्रभाव पारिरहेको हुन्छ । सक्रिय उमेर समूहको जनसंख्या आर्थिक उपार्जन कार्यमा सक्रिय रहन सक्दछ भने निष्क्रिय उमेर समूहको जनसंख्या दैनिक जीवनयापन गर्न पनि अरुको भरमा निर्भर रहनु पर्ने हुन्छ । अध्ययन क्षेत्रमा रहेका विस्थापितहरुको उमेर र लिङ्ग अनुसारको वितरण तालिका ५.३ मा प्रश्तुत गरिएको छ ।

**तालिका ५.३ : उमेर र लिङ्ग अनुसार विस्थापितहरुको वितरण**

| क.स. | उमेर समूह | पुरुष | | महिला | | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | ०-१४ | २६ | ३४.२१ | १४ | २६.४१ | ४० | ३१.०० |
| २ | १५-५९ | ४४ | ५७.७८ | ३७ | ६९.८१ | ८१ | ६२.७९ |
| ३ | ६० देखि माथि | ६ | ७.८९ | २ | ३.७७ | ८ | ६.२० |
| जम्मा | | ७६ | १००.०० | ५३ | १००.०० | १२९ | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २००६ ।

माथिको तालिका अनुसार सक्रिय उमेर समूह १५ वर्ष देखि ५९ वर्ष समूहमा ६३ प्रतिशत व्यक्तिहरु रहेका छन् भने १४ वर्ष मुनीका केटाकेटीहरुको संख्या ३१ प्रतिशत र ६० वर्ष भन्दा माथिका वृद्ध वृद्धाहरुको संख्या ६ प्रतिशत रहेको छ । विस्थापित हुनेहरुमा सवै उमेर समूहमा महिला भन्दा पुरुष अधिक संख्यामा रहेका छन् । उक्त तालिकाबाट के देखिन्छ भने धेरै जसो विस्थापितहरु सक्रिय उमेर समूहका रहेका छन् र द्वन्द्वको प्रभाव पनि यो उमेर समूहलाई वढि परेको देखिएको छ । त्यस्तै सक्रिय उमेर समूहका व्यक्ति विस्थापितहुँदा कतिपयले आफ्ना बालबालिकाहरुलाई पनि गाउँमा राख्न नसकी साथमा लिएर आएको हुनाले १४ वर्ष सम्मका केटाकेटीहरुको संख्या पनि धेरै नै रहेको छ । तुलनात्मक रुपमा ६० वर्ष माथि उमेर समूहका व्यक्तिहरु कम मात्रामा विस्थापित भएको देखिएको छ ।

## ५.४ परिवारका सदस्यहरुको आधारमा विस्थापितहरुको वितरण

विस्थापन भएका व्यक्तिहरु विस्थापन हुने अवस्था प्रकृति, तथा तत्कालिन परिस्थिति द्वन्द्वको अवस्थामा द्वन्द्वरत पक्षले देखाउने व्यवहार, प्रतिक्रिया अनुसार परिवारका सदस्यहरुको विस्थापनलाई निर्धारण गर्दछ । कुनै अवस्थामा परिवारको एक जना सदस्य मात्रै विस्थापन हुन्छ भने कतिपय अवस्थामा आंशिक र पूरै सदस्यहरु पनि विस्थापन हुने गर्दछन् । अध्ययन क्षेत्रमा परिवारका सदस्यहरुको आधारमा विस्थापितहरुको वितरण तालिका ५.४ मा प्रश्तुत गरिएको छ ।

**तालिका ५.४: परिवारका सदस्यहरुको आधारमा विस्थापितहरुको वितरण**

| क.सं. | परिवारका सदस्यको विवरण | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | परिवारका सवै सदस्य विस्थापित | २४ | ६४.८६ |
| २ | परिवारका आंशिक सदस्य विस्थापित | ५ | १३.५१ |
| ३ | परिवारको एक जना सदस्यमात्र विस्थापित | ८ | २१.६२ |
| जम्मा | | ३७ | १००.०० |

स्रोत: स्थलगत सर्वेक्षण, २००६ ।


माथिको तालिका अनुसार ६४ प्रतिशत परिवारका व्यक्तिहरु परिवारका सम्पूर्ण सदस्यहरु सहित विस्थापन भएका छन भने २१ प्रतिशत परिवारका एकजना सदस्य मात्र विस्थापन भएका छन् । त्यस्तैगरि आंशिक सदस्य मात्र विस्थापन भएका परिवार १३ प्रतिशत रहेका छन् ।

परिवारको पुरै सदस्य सहित विस्थापन हुनेहरु प्राय सामन्ती शोषकको आरोपमा धन, समपत्ति कब्जा गरिएका, परिवारको सदस्यको हत्यागरिएका, द्वन्द्वरत पक्षहरुबाट घरमा आएर दिइने पटक पटकको धम्की, यातना आदि सहन नसकेर विस्थापित भएको पाइएको छ भने आंशिक सदस्यमात्र विस्थापित हुनेहरुमा विशेषगरी सरकारी सुरक्षा निकायमा कार्यरत व्यक्तिका परिवार, शिक्षकहरुरहेका छन् । त्यस्तैगरि एकजना सदस्यमात्र विस्थापित हुनेहरुमा प्राय राजनीतिक क्रियाकलापमा सहभागि रहेका, माओवादी सेनामा जानु पर्ने डर भएका तथा सुराकीको आरोप लागेका व्यक्तिहरु रहेका छन् ।

## ५.५ घरमूलीको आधारमा विस्थापितहरुको वितरण

नेपालको सामाजिक संरचना पितृसतात्मक रुपमा रहेको छ । परिवारको पालन पोषण आर्थिक क्रियाकलाप, घर बाहिरका कामहरु प्रायः पुरुषहरुले नै गर्ने चलन रहेको छ भने घर भित्रका कामहरु बाल बच्चाको स्याहार सुसार गर्नेकाम प्राय महिलाहरुले गर्ने गर्दछन । तसर्थ अधिकांश घरको घरमूली पुरुषहरु नै रहने गरेको पाइन्छ भने कतिपय अवस्था जस्तै श्रीमान नभएको वा अशक्त भएको, श्रीमती सक्षम भएको अवस्थामा महिलाहरु नै घरमूली भई पुरुषहरुको दायित्व समेत निर्वाह गरेको पाइन्छ ।

**चित्र ५.१ : घरमूलीको आधारमा विस्थापितहरुको वितरण**




स्रोतः स्थलगत सर्वेक्षण, २००६ ।

माथिको चित्रमा अधिकांश घरमूलीहरु पुरुष रहेका छन् भने १६ प्रतिशत घरमूलीहरुमात्रै महिला रहेका छन् । विशेषगरि महिला घरमूली हुनेहरुमा श्रीमानको पहिले नै मृत्यु भई विधवा जीवन विताइ रहेका, द्वन्द्वको अवधिमा श्रीमानको हत्या वा वेपत्ता पारिएका रहेका छन् ।

## ५.६ विस्थापितहरुको वैवाहिक स्थिति

विवाहलाई एउटा पवित्र सामाजिक बन्धनको रुपमा मानिन्छ । वैवाहिक स्थितिको अध्ययन हुनु जनसंख्याको महत्वपूर्ण पक्ष हो । वैवाहिक स्थितिको अध्ययनबाट विस्थापित व्यक्तिहरुको जीवनयापनको वारेमा पनि केही जानकारी प्राप्त गर्न सकिन्छ । विवाह पश्चात विवाहित दम्पत्तीमा परिवार प्रतिको दायित्व समेत निर्वाह गर्नु पर्ने हुन्छ । अविवाहित व्यक्तिलाई एक ठाउँदेखि अर्को ठाउँमा जान बस्नको लागि जति सहजता हुन्छ त्यति विवाहित व्यक्तिलाई हुदैन ।

### तालिका ५.५: विस्थापितहरुको वैवाहिक स्थिति

| क.सं. | वैवाहिक स्थिति | पुरुष | | महिला | | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | विवाहित | २९ | ३८.१५ | २२ | ४१.५० | ५१ | ३९.५३ |
| २ | अविवाहित | ४४ | ५७.९० | २६ | ४९.०५ | ७० | ५४.२६ |
| ३ | विधवा/विधुर | ३ | ३.९५ | ५ | ९.४५ | ८ | ६.२० |
| जम्मा | | ७६ | १००.०० | ५३ | १००.०० | १२९ | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २००६ ।

माथिको तालिकामा ७६ जना पुरुष मध्ये २९ (३८.१५%) जना विवाहित रहेका छन् भने ४४ (५७.९०%) जना अविवाहित रहेका छन् । त्यस्तै गरि ३ (३.९५%) जना विधुर रहेका छन् । तुलनात्मक रुपमा द्वन्द्वको प्रभाव युवा अवस्थाका मानिसमा वढि पर्ने भएपनि उनीहरुले आफ्नो साथमा केटाकेटीहरु पनि ल्याएको हुनाले अविवाहित पुरुषको संख्या वढी देखिन गएको छ । यसैगरि कूल ५३ जना महिलाहरु मध्ये २२ (४१.५०%) जना विवाहित रहेका छन् भने २६ (४९.०५%) जना अविवाहित र ५ (९.४५%) जना विधवा रहेका छन् । यस तथ्यलाई मनन् गर्दा विधवा महिलाको संख्या पनि धेरै नै मान्न सकिन्छ यसो हुनुमा द्वन्द्वको अवधिमा श्रीमानको हत्या भएको कारणले गर्दा गाउँमा बस्न नसकि विस्थापित भएको देखिन्छ । समग्रमा माथिको तथ्यलाई विश्लेषण गर्दा अविवाहितहरुको संख्या अधिक रहेको छ  यसो हुनुमा विस्थापितहरुले विवाहयोग्य उमेर भन्दा कम उमेरका आफ्ना छोरा छोरीहरु पनि साथमा लिएर आएको हुनाले यो संख्या अधिक हुन गएको देखिएको छ । यसैगरि विधुर भन्दा विधवाको संख्या अधिक हुनु, विवाहित महिला भन्दा पुरुषको संख्या अधिक रहनुले द्वन्द्वबाट तुलनात्मक रुपमा महिला भन्दा पुरुषहरु वढि प्रभावित रहेको देखिन्छ ।

## ५.७ विस्थातिहरुको आर्थिक अवस्था


पेशा मानिसको जीवनको लागि महत्वपूर्ण कुरा हो । पेशा जीवन यापन गर्नको लागि अवश्यक पर्ने आम्दानीको स्रोत पनि हो । व्यक्तिले कुनै पनि पेशा गरेको छैन भने उसको जीवनयापन असहज हुन जान्छ । पेशाले व्यक्तिको आर्थिक अवस्थाको वारेमा पनि संकेत गर्दछ । पेशाबाट व्यक्तिले राम्रो आम्दानी गरेको छ भने उसको आर्थिक अवस्था पनि राम्रो हुँदै जान्छ तर यसको विपरित राम्रो आम्दानी गर्न सकेको छैन भने उसको जीवनयापन पनि कष्टकर हुदै जान्छ ।

**तालिका ५.६ : विस्थापितहरुको प्रमुख पेशा**

| क.सं. | पेशा | विस्थापन पूर्व | | विस्थापन पश्चात | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | कृषि | २४ | ६४.६८ | १ | २.७० |
| २ | नोकरी | ४ | १०.८१ | ४ | १०.८१ |
| ३ | व्यापार | १ | २.७० | ८ | २१.६२ |
| ४ | राजनीति | ७ | १८.९१ | ३ | ८.१० |
| ५ | दैनिक ज्यालादारी | १ | २.७० | १४ | ३७.८३ |
| ६ | कुनै पनि पेशा नगरेको | ० | ०.०० | ७ | १८.९१ |
| जम्मा | | ३७ | १००.०० | ३७ | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २००६ ।

**चित्र ५.२: विस्थापन पूर्व र विस्थापन पश्चातको पेशागत स्थिति**




तालिका ५.६ अनुसार विस्थापन हुनुपूर्व धेरै जसो मानिसहरु कृषि पेशामा संलग्न रहेको पाइएको छ । कूल ३७ उत्तरदाताहरु मध्ये २४ (६४%) जना कृषि पेशामा सम्लग्न रहेका छन्, राजनीति गर्ने ७ (१८.९१%) नोकरी गर्ने ४ (१०.८१%) रहेका छन् । व्यापार र दैनिक ज्यालादारीमा काम गर्ने १/१ जना रहेका छन् र सबैले कुनै न कुनै पेशा अंगालेको पाइएको छ । विस्थापन पश्चात सवै भन्दा वढी दैनिक ज्यालादारीमा कामगर्ने १४ (३७.८३%) रहेका छन् । त्यस्तै व्यापार व्यवसाय गर्नेहरु ८ (२१.६२%) जना रहेका छन् । त्यसपछि क्रमश नोकरी गर्ने ४ (१०.८१%) जना, राजनीति गर्ने ३ (८.१०%) जना, कृषि गर्ने १ (२.७०%) जना र कुनै पनि पेशा नगरेका ७ (१८.९१%) जना रहेका छन् ।

माथिको तालिकाबाट विस्थापन पूर्व र विस्थापन पछिको पेशालाई विचार गर्दा व्यापक मात्रामा परिवर्तन आएको छ । विस्थापन पूर्व धेरै जसो मानिस कृषि

पेशामा सम्लग्न थिए भने विस्थापन पश्चात दैनिक ज्यालादारीको काममा सम्लग्न रहेको देखिएको छ । त्यस्तै गरि विस्थापन पछि राजनीति गर्ने व्यक्तिको संख्यामा कमि आएको छ, भने व्यापार/व्यवसाय गर्ने व्यक्तिको संख्या वृद्धि भएको छ । विस्थापन पश्चात वेरोजगारीको संख्यामा वृर्दि भएको छ । विस्थापन पूर्व वेरोजगारी नरहेकोमा विस्थापन पश्चात ७ (१८.८१%) जना वेरोजगार रहेका छन् ।

## ५.९ विस्थापनको सामयिक प्रवाह

विस्थापनलाई द्वन्द्वरत पक्षहरुमा आएका उत्तर चढावले प्रभाव पार्ने गर्दछ । द्वन्द्वतिव्र रुपमा वढ्दै गयो भने विस्थापन पनि सोही अनुसार बढ्दै जान्छ र द्वन्द्व मत्थर हुँदै गयो भने विस्थापनको दरमा पनि कमि आउछ ।

**तालिका ५.७ : विस्थापनको सामयिक प्रवाह**

| क.स.. | विस्थापन भएको वर्ष (सन्मा) | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सन् २००० सम्म | २ | ५.४० |
| २ | २००१ | ६ | १६.२१ |
| ३ | २००२ | १३ | ३५.१३ |
| ४ | २००३ | ८ | २१.६२ |
| ५ | २००४ | ५ | १३.५१ |
| ६ | २००५ | ३ | ८.१० |
| जम्मा | | ३७ | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २००६ ।

माथिको तालिका अनुसार सन् २००० सम्ममा ५% मानिसहरु विस्थापन भएका छन् भने सन् २००१ मा १६% विस्थापन भएका छन् । सरकारले जव २००१ को अन्त्यतिर देशभर संकटकाल लागू गरि सेना परिचालन गऱ्यो त्यस पछिका दिनमा द्वन्द्वले उग्ररुप लिन गयो र विस्थापनको दरमा एक्कासी वृद्धि भएको देखिएको छ । सन् २००२ मा मात्रै एकतिहाइ भन्दाबढी उत्तरदाताहरु विस्थापन भएका छन् । सन् २००३ मा दोस्रो पटकको युद्धविराम भङ्ग भएपछि  गाउँमा बस्न सक्ने स्थिति रहेन । यस अवधिमा २१% उत्तरदाता विस्थापन भएका छन् ।

त्यस्तैगरि २००४ मा १३% र २००५ मा ८% उत्तरदाताहरु विस्थापन भएका छन् । यसरी माथिको तालिकालाई विश्लेषण गर्दा पहिलो पटक संकटकाल लागू हुनु पूर्व विस्थापनको दर कम देखिएको छ भने देशमा द्वन्द्वको अवस्था चर्कदैगई २००१ को अन्ततिर देशव्यापी रुपमा संकटकाल लागूगरि सेना परिचालन गरिएपछि द्वन्द्वले उग्र रुप लिन थाल्यो फलस्वरुप २००२ मा विस्थापनको दरमा तिव्ररुपमा वृद्धि भएको छ । २००२ र २००३ मा मात्रै आधा भान्दा वढी उत्तरदाताहरु विस्थापन भएको देखिएको छ ।

## ५.१० विस्थापितहरुको शैक्षिक स्थिति

शिक्षा सामाजिक सुधार तथा आर्थिक उन्नतिको लागि आवश्यकीय तत्व हो । शिक्षाले व्यक्तिको व्यक्तित्व विकास तथा दैनिक जीवनयापन सञ्चालन गर्न पनि सहयोग गर्दछ । शैक्षिक स्तर राम्रो भएका व्यक्तिले रोजगारी पाउने सम्भावना पनि वढी रहन्छ र कुनै नयाँ ठाउँमा समायोजन हुन पनि सजिलो हुन्छ । साक्षर व्यक्तिको तुलनामा निरक्षर व्यक्तिलाई जीवनयापन चलाउन अथवा नयाँ ठाउँमा समायोजन हुन पनि कठिनाइ आउने गर्दछ ।

**तालिका ५.८ : विस्थापितहरुको साक्षारता एवं शैक्षिक स्थिति**

| क.सं. | शैक्षिक स्थिति | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | साक्षर | ३३ | ८९ |
| २ | निरक्षर | ४ | ११ |
| **साक्षारहरुको शैक्षिक स्तर** | | | |
| क.सं. | शैक्षिक स्थिति | संख्या | प्रतिशत |
| १ | प्राथमिक तह | ९ | २७.२६ |
| २ | निम्न माध्यमिक तह | ५ | १५.१५ |
| ३ | माध्यमिक तह | १२ | ३६.३६ |
| ४ | उच्च शिक्षा | ७ | २१.२१ |
| जम्मा | | ३३ | १००.०० |

स्रोत: स्थलगत सर्वेक्षण, २००६ ।

सामान्यतया साक्षार भन्नाले सामान्य लेखपढ गर्न सक्ने क्षमतालाई जनाउछ भने निरक्षर भन्नाले लेख्न पढ्न नसक्ने लाई जनाउछ । अध्ययनमा समावेस गरिएका कूल ३७ उत्तरदातामध्ये ४ (११%) जना निरक्षर रहेका छन् भने ३३ (८९%) साक्षर रहेका छन् । साक्षारहरुको शैक्षिक स्तर सवै भन्दा वढी १२ (३६%) जनाले माध्यमिकतह, ९ (२७%) ले प्राथमिक तह ७ (२१%) ले उच्च शिक्षा र ५ (१५%) ले निम्न माध्यमिकतह सम्म अध्ययन गरेका छन् । उच्चशिक्षा तह सम्मको शैक्षिक योग्यता राख्नेहरुमा शिक्षक राजनीतिक कार्यकर्ताहरु रहेका छन् ।

# अध्याय - ६
# आन्तरिक रुपमा विस्थापनका कारणहरु

आन्तरिक रुपमा विस्थापन कार्यस्वेच्छाले नभई वाध्यतावस आकस्मिक रुपमा हुने गर्दछ । मानिसले आफूले सहन सक्ने क्षमता भन्दा बढी दवाव पर्‍यो भने उसले त्यो दवाव सहन गर्न सक्दैन र त्यसबाट निकास पाउनको लागि विकल्पहरुको खोजी गर्दछ । स्वभावले नै मानिस शान्तिप्रिय प्राणी हो तसर्थ अशान्त वातावरणमा उ वस्न सक्दैन र शान्तस्थानको खोजी गर्दछ । जतिसुकै दुःख कष्ट झेल्नु परे पनि मानिस शान्त स्थानमा नै वस्न चाहन्छ । द्वन्द्वको कारणबाट नेपालको धेरै जसो ग्रामिण क्षेत्र अशान्त वनिरहेको अवस्थामा तुलनात्मक रुपमा शहरी क्षेत्र शान्त भएकोले मानिसहरु ग्रामिण क्षेत्रबाट शहरी क्षेत्रतर्फ विस्थापित हुन वाध्य भएका छन् । मानिसहरु विस्थापन हुनाको प्रमुख कारणमा उत्पत्ति स्थलमा मानिसलाई दैनिक जीवन निर्वाह गर्नको लागि उपयुक्त प्रकारको वतावरण नभएपछि त्यसको विकल्पको रुपमा बाध्य भएर विस्थापन भएका छन् ।

यस अध्यायमा मानिसहरु नेपालगन्ज नगरपालिका क्षेत्रमा आन्तरिक रुपमा विस्थापनहुनाका विभिन्न कारणहरुलाई प्रश्तुत गरिएको छ ।

## ६.१ हिंसा र असुरक्षा

द्वन्द्वको कारणबाट उत्पन्न भएका विभिन्न खालका हिंसात्मक गतिविधिहरु जस्तै हत्या, धम्की, अपहरण, कुटपिट आदि क्रियाकलापहरु बाट मानिसहरु गम्भीर रुपमा प्रभावित भएका छन् । यस्ता प्रकारका घट्नाहरुबाट मानिसहरुलाई प्रत्यक्ष रुपमा प्रभाव पीरिरहेको छ । यस्तो प्रकारको वातावरणमा मानिस वस्न नसकेर तुरुन्तै विस्थापन हुन बाध्य भएका छन् । हिंसा तथा असुरक्षाका विभिन्न तरिकाहरु बाट विस्थापन भएका उत्तरदाताहरुको वितरण तालिका ६.१ मा प्रश्तुत गरिएको छ ।

**तालिका ६.१: हिंसा तथा असुरक्षाका तरिका अनुसार विस्थापितहरुको वितरण**

| क.सं | हिंसा तथा असुरक्षाका तरिकाहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | परिवारका सदस्य/आफन्तको हत्या | ४ | १०.८१ |
| २ | धम्की | १९ | ५१.३५ |
| ३ | कुटपिट | ५ | १३.५१ |
| ४ | अपहरण/वेपत्ता | ३ | ८.१० |
| ५ | सुराकी | २ | ५.१० |
| ६ | माओवादीबाट प्रत्याक्रमण हुने त्रास | ४ | १०.८१ |
| ७ | जम्मा | ३७ | १००।ण्ण |

स्रोतः स्थलगत सर्वेक्षण, २००६

माथिको तालिका ६.१ अनुसार कूल उत्तरदाता संख्याको आधा भन्दा वढी ( ५१%) उत्तरदाताहरु धम्कीको कारणबाट विस्थापन भएका छन् भने १३ प्रतिशत उत्तरदाताहरु कुटपिटको कारण बाट विस्थापन भएका छन् । १०% उत्तरदाताहरु परिवारका सदस्य एवं आफन्तको हत्या भएका कारणबाट विस्थापन भएका छन् । माओवादीहरुलाई स्थानीय व्यक्तिहरुले उनीहरुका गतिविधि सहन नसकेर आक्रमण गरिसके पछि उनीहरुबाट प्रत्याक्रमण हुने त्रासका कारण १०% उत्तरदाताहरु विस्थापन भएका छन् । ८% उत्तरदाताहरु आफन्तको अपहरण एवं आफ्नो पनि अपहरण हुन सक्ने आशंकामा विस्थापन भएका छन् । भने ५ % उत्तरदाताहरुलाई सुराकीको आरोप लागेकाले विस्थापन भएका छन् ।

**धारणा १**

दान बहादुर बुढा (२४) विस्थापन हुनाको कारण यस्तो रहेको छ । जुम्ला जिल्लाको कनका सुन्दरी गाउँमा कनका सुन्दरी माईको मन्दिर रहेको छ । उक्त मन्दिरमा प्रत्येक वर्ष वडा दशैको अवसरमा पूजापाठ गरि वली चढाउने चलन रहेको छ । वली चढाउनको लागि माईको मुख्य मन्दिर देखि केही पर मन्दिर परिसरमै एउटा ठाउँ तोकीएको छ । २०५८ सालको बडा दशैंको वेलामा गाउँका सवै मानिसहरु भेला भई माईको पूजा आजा गरि वलि चढाउन लागेको बेलामा त्यही बसेका माओवादीहरु आएर मन्दिरले वनाएको नियमविपरित एकाएक माइकै मन्दिरमा लगेर वलि चढाउन थाले । उनीहरुलाई गाउँलेहरुले सम्झाइ बुझाइ गरि कति रोक्न खोज्दा पनि नमानेर माइको मन्दिरमै लगेर बलि चढाइदिए पछि गाउँलेहरुले रिसको झोकमा ३ जना माओवादीलाई पनि गाउँबाटै लखेटेर भगाए । उक्त घटना घटेको २/४ दिन पछि माओवादीहरु द्वारा गाउँलेहरु माथि आक्रमण हुदैछ भन्ने हल्ला सुनेपछि गाउँमा वस्न नसकेर विस्थापन भएका छन् ।

## ६.२ आर्थिक कारण

जीवनयापन संचालनगर्नको लागि धन सम्पत्तिको आवश्यकता पर्दछ । धन सम्पत्ति कमाउनको लागि मेहनत परिश्रम गर्नु पर्दछ । द्वन्द्वको दौरान विशेष गरेर द्वन्द्वरत विद्रोही पक्षले धन सम्पत्तिहरु डर, त्रास देखाएर वलपूर्वक जनताहरु वाट लिने गरेका छन् । मानिसहरुलाई उसले दिन सक्ने क्षमता भन्दा वढी रकम माग्ने र उक्त रकम नदिएमा घरबाटै लखेटिदिने वा घर छाड्न वाध्य पार्ने गरेका छन् । द्वन्द्वको कारणबाट आफूले गरिरहेको पेशा व्यवसायलाई निरन्तरता दिन नपाइने, आफ्नो मेहनत पसिनाले कमाएको धन सम्पत्ति पनि आफूले उपभोग गर्न नपाउने आदि जस्ता अवस्थाले गर्दा मानिसहरु विस्थापन हुन वाधय भएका छन् । आर्थिक कारणका विभिन्न स्वरुप अनुसार उत्तरदाताहरुको वितरणलाई तालिका ६.२ मा देखाइएको छ ।

**तालिकाः ६.२ आर्थिक कारण अनुसार विस्थापितहरुको वितरण**

| क.सं. | आर्थिक कारण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | चन्दा | २१ | ५६.७५ |
| २ | पेशा व्यवसायमा अवरोध | ५ | १३.५१ |
| ३ | खाद्यान्न तथा अन्य सामानको अभाव | २ | ५.४० |
| ४ | घर, जग्गा कब्जा | ६ | १६.२१ |
| ५ | आर्थिक संकटकम गर्न राज्यद्वारा वेवास्ता | ३ | ८.१० |
| जम्मा | | ३७ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २००६

तालिका ६.२ अनुसार कूल उत्तरदाताको आधा भन्दा वढी अर्थात ५६% उत्तरदाताले माओवादीहरु द्वारा बलपूर्वक चन्दा मागेका र उक्त चन्दा दिन नसकेकोले विस्थापित भएको वताएका छन् । त्यस्तै गरि १३% उत्तरदाताले आफूले गरिरहेको पेशा व्यवसयमा अवरोध उत्पन्न भएकोले विस्थापन भएको वताएका छन् ५% उत्तरदाताले खाद्यान्न संकट भएकोले र १६% उत्तरदाताको माओवादीद्वारा घर जग्गा कब्जा गरिएकोले विस्थापन भएको वताएका छन् भने ८% उत्तरदाताले राज्यद्वारा आर्थिक संकटकम गर्न वेवास्ता गरिएकोले विस्थापित भएको वताएका छन् ।

**धारणा २**

सामन्ती शोषकको आरोपमा धन सम्पत्ति लुटीएर आधारातमा रित्तोहात परिवार सहित लखेटिएका राजकुमार पोखरेल (जुम्ला, ६२) ले आफू विस्थापित हुनाको कारण सुनाउदै भने एक दिन राती एक हुल माओवादीहरु घरमा आएर घरका सवै सदस्यलाई चल्न पनि नदिएर उनीहरुले कागजपत्र, धनमाल सुन चाँदी, पैसा सवै एक एक गरेर बोरामा पोको पारे पछि मलाई बोलाएर अव तँ पनि हिंड हामीसँग भन्दै घिसार्न थाले-मैले भने म किन जाने ? मार्छौ मलाई ? भने पछि उनीहरुले तँ सामन्तीलाई अहिले नै सफाया (मार्ने) गर्छौ भन्दै खुकुरी देखाउन थाले । मेरी छोरी र श्रीमतीले रोइ कराइ गरेपछि मात्रै मलाई छाडिदिए नत्र भने मलाई उहिले नै मारिसक्ने थिए, उनले आफ्नो पीडा सुनाउदै भने । तँ सामन्तीलाई यो ठाउँमा वस्ने अधिकार छैन यहाँ बाट अहिले नै निस्किहाल अब फेरी फर्केर आइस भने मरे भन्ने जाने हुन्छ ।'' भनेर त्यही हुन मध्येको एकजना भन्दै थियो । यसरी म आफ्नो घर बाट लखेटिएर परिवार सहित विस्थापित हुन पुगे ।

## ६.३ राजनैतिक कारण

द्वन्द्वरत पक्षहरुको निशाना बनेको एक महत्वपूर्ण क्षेत्र राजनैतिक क्षेत्र पनि हो । राजनैतिक कारणले गर्दा पनि मानिसहरु आफ्नो स्थाइ बासस्थानबाट विस्थापन हुन बाधय भएका छन् । द्वन्द्वको अवधिमा माओवादीले जनताहरुलाई बलपूर्वक आफ्नो पार्टीमा लाग्नको लागि दवाव दिने, आफ्नो भन्दा फरक विचार र आस्था राख्ने व्यक्तिलाई डर त्रास देखाउने फरक विचार/आस्था राख्ने राजनीतिज्ञलाई पार्टीका गतिविधिहरु स्वतन्त्र रुपमा गर्न नदिने जस्ता क्रियाकलापबाट मानिसहरु विस्थापन हुन पुगेका छन् । त्यस्तैगरि सरकारले ग्रामिण क्षेत्रमा हुने राजनैतिक क्रियाकलापलाई माओवादीको आंशकामा हेर्ने र माओवादीहरुले अन्य दलका गतिविधि हरुमा आरोध खडा गर्ने अवस्था रहेकोले राजनीतिक कार्यकर्ताहरु दोहोरोमारमा परेका कारणले पनि विस्थापन हुन वाध्य भएका छन् । त्यस्तैगरि माओवादीहरुले आयोजना गर्ने आमसभा, पार्टीका कार्यक्रमहरुमा जवर्रजस्ती जानुपर्ने अवस्था एकातर्फ छ भने अर्को तर्फ सरकारी तर्फबाट माओवादीका गतिविधिहरुलाई नियन्त्रण गर्ने क्रममा गरिने सैनिक कारवाहीमा पर्न सक्नेआशंका मा पनि मानिसहरु विस्थापनहुन वाध्य भएका छन् ।

**तालिका ६.३: राजनैतिक कारणका प्रकार अनुसार विस्थापितहरुको वितरण**

| क्र.सं. | राजनैतिक कारणका प्रकार | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | राजनैतिक क्रियाकलाप गर्न डर/रोक | ९ | २४.३२ |
| २ | फरक विचार र आस्था | १२ | ३२.४३ |
| ३ | माओवादी स्थानीय कार्यकर्ताको व्यक्तिगत रिसइवी | ३ | ८.१० |
| ४ | परिवारको सदस्य माओवादीमा लागेको कारण | २ | ५.४० |
| ५ | माओवादी पार्टी/सेनामा लाग्न दवाव | ७ | १८.९१ |
| ६ | अन्य (कुनै प्रतिक्रिया नभएका) | ४ | १०.८१ |
| जम्मा | | ३७ | १००.०० |

स्रोत स्थलगत सर्वेक्षण, २००६ ।

माथिको तालिका ६.३ अनुसार सर्वै भन्दा वढी ३२% उत्तरदाताहरुले माओवादीहरुका गलतकामको विरोध गरेको तथा फरक आस्था राखेको कारणबाट विस्थापन हुनुपरेको वताएका छन्। त्यस्तै गरि २४ प्रतिशत उत्तरदाताले आफ्ना राजनैतिक क्रियाकलापहरु गर्न अवरोध सिर्जना गरिएका तथा राजनैतिक क्रियाकलाप गर्न नदिइएका कारण विस्थापित भएको वताएका छन् । १८ प्रतिशत उत्तरदाताहरुलाई माओवादीहरुले सेना तथा पार्टीमा लाग्नको लागि दवाव दिएका वताएका छन्, भने ५ प्रतिशत उत्तरदाताहरुका परिवारको सदस्य माओवादी पार्टीमा लागेकाले सरकारी सुरक्षाकर्मी बाट हुने दुर्व्यवहार सहन नसकेर विस्थापन भएका छन् । ८ प्रतिशत उत्तरदाताहरु माओवादीका स्थानीय कार्यकर्ताहरुको व्यक्तिगत रिसइवीका कारणबाट उत्पन्न डर त्रासले विस्थापन हुन पुगेका छन् भने, १० प्रतिशत उत्तरदाताले राजनैतिक कारणबाट खासै प्रतिक्रिया नरहेको वताएका छन् ।

**धारणा ३**

स्थानीय ने.रा. नि.मा.वि.को प्र.अ. भई कार्यरत रहदै आएका शिक्षक सोमहरि पंण्डित (वर्दिया, ५६) सरकारी र माओवादी पक्षका फरक-फरक विचारको दवावमा परेर विस्थापित भएका छन् । उनी आफू विस्थापित हुनाको कारण यस्तो रहेको वताउछन् 'माओवादीहरुले आफ्ना कार्यक्रमहरु गर्न विद्यालय लाई प्रयोग गरिरहन्थे । उनीहरुले विद्यालयमा जनवादी शिक्षा लागू गराउनु पर्छ यस्तो बुर्जुवा शिक्षाको काम छैन, युद्धकला सम्बन्धी वैज्ञानिक शिक्षा दिनुपर्छ' भन्थे भने जिल्ला प्रशासन र जिल्ला शिक्षा कार्यलयबाट माओवादीका गतिविधिहरु विद्यालय हातामा गर्न नदिनु भन्ने आदेश आउँथ्यो । विद्यालयमा कहिले प्रशासनका मान्छे आउँथे भने कहिले माओवादीका, यस्तो अवस्थामा कसको समर्थन गर्ने कसको विरोध गर्ने । एउटाको समर्थन गर्दा अर्काको विरोधी हुनुपर्ने हुदा कुन दिन के हुने हो भन्ने डरै डरमा बाँच्नु पर्दा मेरो त दिमागले नै काम गर्न छोड्यो' । यस वारेमा जिल्ला शिक्षा अधिकारी र प्रमुख जिल्ला अधिकारी सँग कुराराख्दा आफ्नो सुरक्षा आफै गर्ने अब त यस्तै छ खै के गर्न सकिन्छ र ? भन्ने जवाफ पाइयो । त्यसपछि त झन मन नै मरेर आयो । दुवै तर्फबाट यति ठूलो दवाव परेपछि त्यहाँ वस्न सक्ने अवस्था नरहेपछि माओवादीहरुले थाहा नपाउने गरेर राजीनामा दिइ विस्थापित भएको हुँ ।

राजनैतिक कारण बाट विस्थापित भएका अर्का विस्थापित धर्मदेव पौडेल (दैलेख, ५१) ले आफू विस्थापित हुनाको कारण वताउदै भने । 'म पहिले देखिनै नेपाली काँग्रेस पार्टीको सक्रिय कार्यकर्ताको रुपमा रहेको थिए । मलाइ गीत तथा कविता पनि खुवै आउने भएकाले यसैको माध्यमबाट पार्टीका कुराहरु राख्दा जनतामा राम्रो प्रभाव पर्दो रहेछ क्यार त्यसैले होला गाउँमा मलाई सवैले राम्रो मान्दथे । मेरो यो खुवी देखेर माओवादीहरुले मलाई आफ्नो पार्टीमा लाग्नका लागि खुवै जोड गरे तर मैले नमाने पछि उनीहरुले मलाई आफ्ना पार्टीका गतिविधिहरु गर्नमा विभिन्न तरिकाले अवरोध पुऱ्याउन थाले पछि म गाउँमा वस्न नसकेर विस्थापित भएको हुँ ।

## ६.४ सामाजिक/सांस्कृतिक कारण

द्वन्द्वको अवधिका समाजमा सिर्जना भएका असहज परिस्थितिका कारण पनि मानिसहरु विस्थापन हुन बाध्य भएका छन् । आफूलाई इच्छा नलागेका क्रियाकलापमा पनि सहभागि हुनै पर्ने वाध्यता, समाजको अगाडी गाली बेइज्जति सहनु पर्ने, गाउँमा बसेका मानिसहरु बीच कसैले कसैको विश्वास नगर्ने अविश्वासको वातावरण आदि जस्ता परिस्थितिले गर्दा गाउँको सामाजिक वातावरणमा नै खलल पुग्न गएको छ । त्यस्तै गरि माओवादीहरुले माथिल्ला जातिहरु प्रति हेर्ने नकारात्मक दृष्टिकोण, परम्परा देखि मान्दै आइरहेका साँस्कृतिक परम्परा चाल चलन, चाडपर्व जस्ता कुराहरु निर्वाध रुपमा मनाउन नपाउने आदि कारणहरुले गर्दा पनि मानिसहरुलाई विस्थापन हुन वाध्य बनाएका छन् ।

**धारणा ४**

यसै क्रममा अग्निराज उपाध्याय (जुम्ला ५४) को दुखेसो यस्तो रहेको छ 'म गाउँको मस्टाथानको पूजारी थिए । एक दिन विहान पूजा गरिरहेको वेलामा ५/७ जना माओवादीहरु आएर तल्ला जातिका मानिसहरुलाई पूजा गर्न नदिएको भन्दै मलाई बाहिर निकालेर मन्दिरका सवै सामान भताभुङ्ग पार्दै 'अवदेखि तँ बुढाले पूजागर्न पाउदैनस् भन्दै त्यस दिन त्यहाँबाट गए त्यस पछि पनि घरमा आउदै पटक पटक दुःख दिन थाले पछि गाउँमा वस्न नसकेर विस्थापित भएको हुँ ।

## अध्याय - ७

## विस्थापितहरुले वर्तमान अवस्थमा सामना गर्नु परेका समस्याहरु

व्यवस्थित रुपले आफू वसिरहेको ठाउँबाट एकाएक रुपमा हातमुख मात्रै लिएर अर्को ठाउँमा विस्थापन हुँदाखेरी मानिसले कैयौखालका समस्याहरु भ्केल्नु पर्ने हुन्छ । मानिसको दैनिक जीवनयापनको लागि पनि धेरै कुराहरुको आवश्यकता पर्दछ ता पनि गास, वास, कपास, शिक्षा स्वास्थ्य रोजगार लाई आधारभूत आवश्यकताका वस्तुहरु मानिन्छन । नयाँ ठाउँ नौलो परिवेश, आर्थिक अभाव, रोजगारीको समस्या आदि कुराहरुले गर्दा विस्थापितहरुले धेरै समस्याहरु सँग मुकाविला गर्नुपर्ने हुन्छ । यस अध्यायमा विस्थापितहरुले वर्तमान अवथामा सामना गर्नुपरेका प्रमुख समस्याहरुको वारेमा प्रकाश पारिएको छ ।

### ७.१ खाद्यान्न

मानिस जीउनको लागि खोनकुरा अनिवार्य सर्त हो । खानेकुराको अभावमा मानवजीवन असम्भव छ । विस्थापितहरु गन्तब्य स्थलमा पुगेपछि खाद्यान्नको समस्या प्रमुख रुपमा देखापरेको छ ।

**तालिका ७.१: खाद्यान्न प्राप्तिको स्तरको आधारमा उत्तरदाताको वितरण**

| क.सं. | खाद्यान्न प्राप्तिको स्तर | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सामान्य | १४ | ३७.८३ |
| २ | कठिन | २३ | ६२.११ |
| जम्मा | | ३७ | १००.०० |

स्रोत स्थलगत सर्वेक्षण, २००६ ।

तालिका ७.१ मा कूल उत्तरदाता मध्ये ३७.८३ प्रतिशतले खाद्यान्न प्राप्ति सामान्य रुपमा भएको जनाएका छन् भने ६२.११ प्रतिशत अर्थात करिव दुई तिहाइ विस्थापितहरुले खाद्यान्न प्राप्तिमा कठिनाइ रहेको वताएका छन् ।

**धारणा ५**

विस्थापितहरु लाई खानेकुराको ठूलो समस्या परेको देखिएको छ । कतिपय अवस्थामा एकछाक मात्रै खाएर पनि वस्नु परेको छ भने धेरै जसो दिन आधापेट खाएरै मुजारा गर्नुपरेको तितो यथार्थ उनीहरु सँग रहेको छ । यसै क्रममा दुइजना बच्चा सहित विस्थापित भएकी लक्ष्मी चापागाई (कालिकेट (३३) ले कति दिनसम्म त केही नखाइकन बसेको क्षण सम्झेर बर्सर आँसु झार्दै भनिन् "आफू त नहुँदा नखाए पनि हुन्छ बच्चाहरुले ममी भोक लाग्यो भन्छन छैन भनेर बुझ्दैनन् । के ख्वाउनु?"

धनसरा बुढा (रुकुम ३९) पनि यस्तै खालको पीडा सुनाउदै भन्छिन - 'श्रीमान विहानै कामको खोजीमा निस्कन्छन् कुनै दिन काम पाउछन कुनै दिन पाउँदैनन् । उनी आउने बाटो हेर्दा हेर्दै कहिले त रातै पर्छ । छोरा छोरी उनलाई नै पर्खेर वस्ने बानी नै लागिसक्यो काम पाएर पैसा ल्याएको दिन हात मुख जोर्न पाइयो भनेर खुसी लाग्छ र त्यो रात बित्छ अर्को दिन फेरी उस्तै ।"

छोराछोरी नाति नतिना बुहारी सहित सम्पूर्ण परिवारै विस्थापित भएका खेमराज शर्मा (जुम्ला, ५६) ले आफ्नो दुःख सुनाउदै भने - "जीवनमा मैले धेरैकाम गरे कहिल्यै भोकै भइन तर अहिले हाम्रो परिवार सवैले एक छाक मात्रै खाने गरेका छौ त्यसैमा पनि पेटभरी खान कहाँ पाइएको छ र ।"

खाद्यान्न प्रप्तिमा सामान्य भएका विस्थापितहरु विशेष गरि सम्पन्न परिवारका तथा नोकरी गर्ने व्यक्तिहरु रहेका छन् भने खाद्यान्न प्राप्तिमा कठिनाइ हुने व्यक्तिहरु निम्न वर्गका तथा आफ्नो सम्पत्ति केही पनि साथमा लिएर आउन नपाएका व्यक्तिहरु रहेका छन् ।

## ७.२ बासस्थान

विस्थापित हरुले भोग्नु परेको अर्को समस्या भनेको वासस्थान हो । मानिसका अनिवार्य आवश्यकताका चिजहरु मध्ये बासस्थान पनि एक हो । घाम पानी हिँउ, तुषारो, आँधीहुरी जस्ता मौषमका प्रतिकूल अवस्थाहरुबाट बच्न र आराम तथा सुरक्षाको लागि पनि राम्रो वासस्थानको आवश्यकता पर्दछ । राम्रो तथा उपयुक्त वासस्थानको अभावमा मानिसको जीवन ज्यादै कष्टकर हुन जान्छ ।

**तालिका ७.२: गन्तब्य स्थलमा विस्थापितहरुको वासस्थानको वितरण**

| क.सं. | वासस्थानको विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आफ्नै घर भएका | ५ | १३.५१ |
| २ | आफन्तको घरमा वसेका | ४ | १०.८१ |
| ३ | डेरागरि वसेका | २१ | ५६.७५ |
| ४ | अन्य | ७ | १८.९१ |
| जम्मा | | ३७ | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २००६ ।

माथिको तालिका ७.२ लाई विश्लेषण गर्दा १३.५१ प्रतिशत विस्थापितहरुको मात्रै आफ्नै घर भएको, १०.८१ प्रतिशत विस्थापितहरु आफन्तहरुको घरमा वस्ने गरेको पाइयो भने आधा भन्दा वढी विस्थापितहरु डेरागरि वसेको पाइएको छ । १८.९१ प्रतिशत विस्थापित हरुको भने वासस्थानको अवस्था भिन्नै प्रकारको रहेको छ । उनीहरु मध्ये केहीको वासस्थानको टुङ्गो नभइ घुमन्ते जीवन बिताइ रहेका छन् भने केही नयाँ घर बनाउन लागेको ठाउँ इट्टा भट्टामा अस्थायी रुपमा इट्टा ठड्याएर सानो वस्ने ठाउँ बनाएर वस्ने गरेका छन् ।

धेरै विस्थापित हरुलाई अहिले आश्रयको ठूलो समस्या परेको छ । गन्तब्य स्थलमा आफन्त वा चिनजानका मानिसहरु हुने हरुले साँघुरो कोठामा कोचाकोच गरेर वस्नु परेको छ भने, चिनजान नहुनेहरु इट्टा भट्टाका छेउछाउ, नयाघर बनाउन लागेको ठाउँमा सामान्य झुप्रो बनाइ गुजारा गरिरहेका छन् । वासस्थानको खासै समस्या नहुनेहरुमा आर्थिक रुपमा सम्पन्न रहेका विस्थापितहरुरहेका छन् ।

## ७.३ रोजगारी

विस्थापितहरुलाई वर्तमान अवस्थामा रोजगारीको ठूलो समस्या देखिएको छ । मानिसका आवश्यकताहरु परिपूर्ति गर्नको लागि कुनै न कुनै ठाउँबाट आम्दानी प्राप्त गर्नु पर्दछ । आम्दानीको अभावमा मानिसले आफ्नो जीवन यापन सुचारु रुपले

संचालन गर्न सक्दैन । रोजगारी प्राप्त नभएको अवस्थामा उसको जीवन यापन प्रक्रियामा नै गम्भीर असर पर्न जान्छ ।

ग्रामिण क्षेत्रमा वस्नको लागि असहज बतावरण भएको हुँदा ग्रामिण क्षेत्रका धेरै मानिसहरु एकै साथ शहरी क्षेत्रमा प्रवेश गरेपछि रोजगारीको सम्भावना न्यून भएर गएको छ । यस्तो अवस्थामा विस्थापितहरुलाई रोजगारी प्राप्त गर्न ज्यादै कठिन भइरहेको पाइएको छ भने अर्को तर्फ अधिकांश विस्थापितहरु ग्रामिण क्षेत्रका भएका र उनीहरुसँग राम्रो ज्ञान, सीप, दक्षता आदिको कमीले गर्दा वढी श्रम गर्नुपर्ने दैनिक ज्यालादारीको काम गर्ने गरेका छन् ।

**धारणा ६**

बाजुराका राम बहादुर मल्ल (४३) ले विस्थापन पछि आफूले सडक छेउमा बसेर नाङ्लो पसल गर्दै आएको वताएका छन् । सडक छेउमा वसी मकै पोलेर ग्राहकको प्रतिक्षामा वसिरहेका उनले भने 'देखिहाल्नु भो सर यसै गरेर कहिले मकै वेच्छु, कहिले तरकारी वेच्छु कोही दिन राम्रो विक्रि हुन्छ कोही दिन हुदैन यस्तै छ । विक्रि हुँदाको दिनमा त ठिकै हुन्छ नभएको दिनमा भने वर्वादै हुन्छ ।''

माओवादीको ज्यादती सहन नसकी ६ जनाको परिवार सहित ३ वर्ष अघि नेपालगन्ज आएका अर्का विस्थापित दलजीत थापा (दैलेख ६१) ले भने -'वुढेसकालमा आफूले गर्न सक्ने काम नभेट्टाएपछि जीवन धान्नका लागि वाध्य भएर इट्टा वोक्ने काम गर्न लागेको वताउदै आफ्नो दुखेसो यसरी व्यक्त गरे - 'मैले वुढेस कालमा कहिले रुज्दै भिज्दै त कहिले टन्टलापुर घाममा खल्खलती पसिना बगाउदै दिनभरी काममा जोतिनु पर्ला भन्ने सोचेको पनि थिइन तर अहिले आफैले सोचेको भन्दा ठ्याक्कै उल्टो भोग्दैछु । पाखुरीमा बल नभएपनि दिनभरी घर बनाउने ठाउँमा इट्टा ओसारी राख्नु परेको छ । के गर्ने बाबु यो पापी पेटलाई भर्नै पर्दो रछ ।''

## ७.४ बालबालिकाको शिक्षा

बालबालिकाहरुको पढाइमा निरन्तरता दिनको लागिपनि विस्थापितहरुलाई समस्या परिरहेको छ । विस्थापन भइ आफ्नो गाउँ परिवेसलाई छाडेर छुट्टै ठाउँमा वस्नु पर्दा नयाँ वातावरण नयाँ पवरिवेसमा समायोजन हुन नसक्ने तथा आफ्ना छोरा छोरीको लागि पढाइमा लाग्ने खचएको व्यवस्था गर्न नसक्दा छोरा छोरी हरुलाई स्कूल पठाउनुको सट्टा बाल श्रमिकको रुपमा तथा घरेलु कामदारको रुपमा काम गर्न लगाउनु पर्ने अवस्था एकातर्फ छ भने अर्को तर्फ बालबालिकाहरुले

आफ्नो गाउँघरमा आफ्नै आँखा लगाडि देखेका हत्या, हिंसा, यातना, अपहरण जस्ता अमानवीय क्रियाकलापहरु आदिका कारणबाट उनीहरुको कलिलो दिमागमा नराम्रो छाप परेकाले पढाइ प्रति नै रुचि नहुने अवस्थाले गर्दा बालबालिकाको पढाइमा निरन्तरता दिन समस्या परिरहेको छ । विस्थापितहरुको खाने वस्ने ठाउँको समेत टुङ्गो नहुदा कहाँ वस्ने ? कुन स्कूलमा पढन पठाउने भन्ने कुराको पनि अन्योल रहेको अवस्थामा वालवालिकाको पढाइमा निरन्तरता दिन समस्या परिरहेको देखिएको छ । अध्ययनमा सहभागि ३७ विस्थापित परिवार मधये स्कूलजाने वालवालिकाहरु भएका १७ परिवार रहेका छन् ।

**तालिका ७.४ बालवालिकाको पढाइको अवस्था**

| क.सं. | बालबलिकाको पढाइको अवस्था | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पढाइमा निरन्तरता | ५ | २९.४१ |
| २ | पढाइमा अवरुद्ध | १२ | ७०.५९ |
| जम्मा | | १७ | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २००६

तालिका ७.४ लाई विश्लेषण गर्दा स्कूल जाने वालकालिकाहरु भएका विस्थापितहरु मध्ये २९.४१ प्रतिशतले मात्रै आफ्ना बालबालिका हरुको पढाइलाई निरन्तरता दिन सकेका छन् भने बाँकी ७०.५९ प्रतिशत विस्थापितहरुले आफ्ना बालबालिकाहरुको पढाइलाई निरन्तरता दिन सकेका छैनन् ।

**धारणा ७**

संगीता पौडेल (वर्दिया ३६) ले आफ्नो छोरालाई पढाउन नसकेको दुखेसो यसरी पोखिन - “ पैन्ट च्यातिएकोले गर्दा बाबु स्कूल जान मानेन ३ हप्ता सम्म स्कूल नगएपछि बल्ल तल्ल पाइन्ट किनीदिए अनिमात्रै उ स्कूल गयो । २ वर्ष भयो स्कूलमा शुल्क तिरेको छैन ।”

## ७.५ स्वास्थ्य

स्वास्थ्य नै मानिसको सवै भन्दा ठूलो धन मानिन्छ । राम्रो स्वास्थ्य भएमा नै व्यक्तिले आर्थिक तथा सामाजिक क्रियाकलापहरुमा सक्रिय रुपमा सहभागि हुन

सक्दछ । स्वास्थ्यलाई खानपान आहार विहार वातावरणीय अवस्था जस्ता कुराले प्रत्यक्ष रुपमा प्रभाव पारिरहेको हुन्छ । विस्थापन पश्चात नेपालगन्जमा आएका विस्थापितहरु प्रयाप्त खाद्यान्न तथा राम्रो वासस्थानको अभावमा गुजारा गरिरहनु परेकोले उनीहरुको शारीरिक स्वास्थ्यमा नकारात्मक प्रभाव परेको छ भने, अर्को तर्फ उनीहरुले आफ्नो गाउँघरमा आफैलाई र आफ्नै आँखा अगाडि आफ्ना आफन्त, छिमेकीलाई, हत्या गरेको, अमानवीय रुपले यातना दिएको धारिलो हतियारहरु प्रयोगगरि घाइते बनाएको जस्ता भयानक र डरलाग्दा हिंसात्मक घटनाहरु प्रत्यक्ष रुपमा देखे, सुनेकाले उनीहको मानसिक अवस्थामा समेत असर परि मानसिक स्वास्थ्यमा समेत समस्या देखिएको छ ।

## ७.६ आफन्तहरुसँगको भेटघाट

विस्थापन पश्चात विस्थापितहरुले सामना गर्नु परेको समस्याहरु मध्ये आफ्ना आफन्त साथीभाई इष्टभित्र सँग भेटघाट हुन नसक्नु पनि समस्याको रुपमा रहेको छ । विस्थापितहरु विस्थापन हुने क्रममा हतार हतारमा आफ्नो ज्यान जोगाउनको लागि विस्थापित भई सुरक्षित स्थान खोजी गर्ने क्रममा विभिन्न ठाउँमा वस्नु परेको अवस्थामा आफ्ना आफन्तजनहरु सँग सम्पर्क हुन नसक्दा भेटघाटमा समस्या देखिएको छ ।

**तालिका ७.५ विस्थापन पछि आफन्तहरुसँगको भेटघाटको अवस्था**

| क्र.सं. | भेटघाटको अवस्था | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | भेटघाट भएको | १३ | ३५.१३ |
| २ | भेटघाट नभएको | २४ | ६४.८६ |
| जम्मा | | ३७ | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २००६ ।

माथिको तालिकालाई हेर्दा ३५.१३ प्रतिशत विस्थापितहरुले आफ्ना आफन्त सँग भेटघाट भएको वताएका छन् भने बाँकी ६४.८६ प्रतिशत विस्थापितहरुको भने भेटघाट नभएको वताएका छन् ।

**धारणा ९**

विस्थापन पश्चात आफ्ना आफन्तसँग छुट्टीएर भेट्न नसकेको पीडा सुनाउदै कान्छीमाया थापा (कालिकोट ५७) ले गहभरी आँसु पार्दै भनिन "हेर्नुस वाबु हामी त यहाँ आएर जेनतेन बाँचेका छौ तर मेरो कान्छो छोराको अझै अत्तोपत्तो छैन । के खायो होला? कुन ठाउँमा वसेको होला, सन्चै छ की विसन्चो छ भन्नी कुराको सधै चिन्ता लागिरहन्छ ।"

विस्थापितहरुले विस्थापन पछि चाडपर्वहरु आफ्नो गाउँघर तिर जस्तो रमाइलो गरी मनाउन नसकेको वताएका छन् । यसै प्रसङ्गमा सावित्री देवकोटा (बाजुरा ३२) ले भनिन - "आफ्नो गाउँघर इष्टभित्र सवै बाट विरानो भइ एक्लै वस्नु पर्दा ज्यादै नरमाइलो लागेको छ । दशै तिहारमा गाउँका आफन्त साथी सँगी सँग रमाइलो गरी मनाएका दिन सम्झदा अहिले भक्कानो फुटेर आउछ ।

## अध्याय - ८

# सारांश, निष्कर्ष र सुझाव (Summary Conclusion and Recommendation)

## ८.१ सारांश

आन्तरिक रुपमा विस्थापित व्यक्तिहरु भन्नाले कुनै विशेष परिस्थिति खासगरि सशस्त्र द्वन्द्व समान्य हिंसा मानव, अधिकारको उल्लङ्घन, प्राकृतिक वा मानवजन्य प्रकोपहरुका परिणाम स्वरुप भएका वा हुने असर तथा यस्ता अवस्थाबाट बच्नका लागि वाध्य वा अत्यावश्यक भएर आफ्नो घरवार तथा हालैको गासवासको स्थान छाड्न पुगेका तर अन्तर्राष्ट्रिय रुपमा मान्यता प्राप्त राज्यको सिमाना पार नगरेका व्यक्तिहरु वा व्यक्तिहरुका समूहलाई वुझिन्छ । यस परिप्रेक्षमा नेपालको सन्दर्भलाई हेर्दा केही वर्षअघि सम्म आन्तरिक विस्थापनको समस्या त्यति गहन रुपमा थिएन तर सन् १९९६ मा ने.क.पा. (माओवादी) द्वारा जनयुद्ध शुरु हुन पूर्वका विभिन्न सरकारी कारवाही र जनयुद्ध पछिको सशस्त्र द्वन्द्वको कारणबाट मानिसहरु विस्थापन हुने क्रम शुरु हुन थाल्यो । यसै क्रममा सन् २००१ को नोभेम्बर महिनामा सरकारद्वरा लगाइएको देशव्यापी संकटकाल र सेनाको परिचालनबाट आन्तरिक विस्थापनको दरमा एक्कासी वृद्धि भई भयावह रुप लिन थाल्यो ।

द्वन्द्व सधैंभरि खराव मात्रै हुने गर्दैन । जब कुनै व्यक्ति अर्काको विचारसँग सहमत हुदैन त्यहाँ द्वन्द्वको सिर्जना हुन्छ । द्वन्द्व जो कोही बीच पनि हुन सक्दछ । द्वन्द्वका प्रक्रियाहरु स्वस्थ हुदाखेरी त्यसले समाजमा सकारात्मक र सार्थक परिणाम निकाल्दछ भने अस्वस्थ किसिमको भयो भने त्यसले हिंसा, युद्ध र विनाशलाई जन्माउँदछ ।

सरकार र माओवादी बीचको सशस्त्र द्वन्द्वको दौरानमा सरकारको उपस्थिति विशेषगरि जिल्ला सदरमुकाम, ठूला शहरी क्षेत्र, राजधानीमा मात्रै सिमित रहन पुग्यो भने ग्रामिण क्षेत्रको सुरक्षाको अवस्था नाजुक रहन गयो । यस्तो अवस्थामा ग्रामिण क्षेत्रका मानिसहरु द्वन्द्वको चपेटाबाट बच्नको लागि सुरक्षित स्थलको खोजीमा जिल्ला सदरमुकाम ठूला शहरी क्षेत्र तथा राजधानीतर्फ प्रवेश गर्न थाले । यसै बीच पश्चिम नेपालकै प्रमुख शहरु नेपालगन्जमा पनि धेरै संख्यामा विस्थापितहरु आउन थाले । नेपालगन्जमा आउने विस्थापितहरु प्रायजसो यसै क्षेत्रका पहाडी जिल्लाहरुका रहेका छन् ।

विस्थापित भएर आएकाहरु मध्ये जातिगत हिसावमा ब्राह्मण र क्षेत्रीहरुको संख्या अधिक रहेको छ । यी दुई जातिले मात्रै लगभग ७३ प्रतिशत हिस्सा ओगटेको छ । त्यस्तैगरि कूल १२९ जना विस्थापितहरु मध्ये ७६ (५८.९१%) पुरुष र ५३ (४१.०९%) महिला रहेका छन् । विस्थापितहरु मध्ये सक्रिय उमेर समूह (१५-५९ वर्ष) भित्र ६३%, रहेका छन् । त्यस्तै गरि ०-१४ वर्ष उमेर समूहका बालबालिकाहरु ३१% रहेका छन् भने ६० वर्ष माथिका वृद्ध वृद्धाहरु ६% रहेका छन् । विस्थापितहरु मध्ये सवैभन्दा वढी परिवारका सवै सदस्यहरु सहित विस्थापित हुने ६४% रहेका छन् । त्यस्तै गरि घरमूलीको आधारमा ८३% घरमुलीहरु पुरुष रहेका छन् । विस्थापित ७६ जना पुरुष मध्ये २९ जना विवाहित रहेको छन् । त्यस्तै गरि ५३ जना महिला मध्ये २२ जना विवाहित र ५ जना विधवा रहेका छन् । विस्थापितहरुको पेशागत स्थितिमा विस्थापनपूर्व कृषि पेशाको प्रधानता रहेको छ भने विस्थापन पश्चान दैनिक ज्यालादारीको काम गर्ने को संख्या वढी देखिएको छ । विस्थापित हरु मध्ये ८९% उत्तरदाताहरु साक्षर रहेका छन् ।

आन्तरिक रुपमा विस्थापन हुनाका कारणहरुमा विशेषगरि हिंसा, असुरक्षा आर्थिक कारण, राजनैतिककारण, सामाजिक सांस्कृतिक कारणहरु बाट भएको देखिएको छ । हिंसा र असुरक्षाका तरिकाहरु परिवारका सदस्य/आफन्तको हत्या, धम्की, कुटपिट, अपहरण/वेपत्ता, सुराकी, माओवादीबाट प्रत्याक्रमणको त्रास जस्ता

कुराहरु मध्ये सवै भन्दा वढी ५१% ले डर धम्कीको कारणबाट विस्थापित हुनु परेको वताएका छन् । आर्थिककारणहरुमा चन्दा, पेशा व्यवसायमा अवरोध, खाद्यान्न तथा अन्य सामानको अभाव, घर जग्गा कब्जा जस्ता कारणहरु मध्ये सवै भन्दा वढी ५६% उत्तरदाताले चन्दाको कारणबाट विस्थापित हुनुपरेको वताएका छन् । राजनैतिक कारणमा राजनैतिक क्रियाकलाप गर्न डर/रोक, फरक विचार र आस्था माओवादी स्थानीय कार्यकर्ताको व्यक्तिगत रिसइवी, परिवारको सदस्य माओवादीमा लागेको कारण, माओवादी पार्टी/सेनामा लाग्न दवाव आदि मध्ये फरक विचार र आस्था राखेको कारणबाट विस्थापित हुनेहरु वढी संख्यामा रहेका छन् ।

विस्थापितहरुले वर्तमान अवस्थामा सामना गर्नुपरेका समस्याहरुमा खाद्यान्न, वासस्थान, रोजगारी, वालवालिकाको शिक्षा, स्वास्थ्य, आफन्तहरु सँगको भेटघाट रहेका छन् । अध्ययनमा सहभागि उत्तरदाताहरु मध्ये ६२% लाई खाद्यान्न को समस्या परेको देखिएको छ । विस्थापित हरुको वासस्थानको अवस्थामा आफ्नै घर भएका, आफन्तको घरमा बसेका, डेरागरि वसेका र अन्य तरिकाले वसेकाहरु मध्ये सवै भन्दा वढी डेरागरि वस्ने ५६% रहेका छन । विस्थापितहरुलाई रोजगारिको पनि ठूलो समस्या परेको देखिएको छ । राम्रो काम नपाइने र काम पाइए पनि थोरै पैसामा कडा परिश्रम गर्नुपर्ने दैनिक ज्यालादारीको काम गर्नु पर्ने अवस्था रहेको छ । विस्थापितहरुका बाल वालिकाको पढाइमा निरन्तरता दिन पनि ठूलो समस्या देखिएको छ । स्कूलजाने बालबालिकाहरु भएका १७ परिवार रहेकोमा १२ परिवार (७१%) परिवारले बालबालिकाको पढाइलाई निरन्तरता दिन सकेका छैनन् । विस्थापितहरुले स्वास्थ्य सम्बन्धि समस्याहरु पनि भोग्नु परिरहेको छ । त्यस्तै गरि आफ्ना इष्टमित्र साथीहरु सँगको भेटघाटमा पनि कठिनाइ देखिएको छ । विस्थापन पश्चात ६४% उत्तरदाताको आफन्तसँग भेटघाट नभएको पाइएको छ ।

## ८.२ निष्कर्ष

आन्तरिक विस्थापनले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा देशको सबै क्षेत्रलाई असरपारी देशकै प्रमुख समस्याको रुपमा खडा भएको छ । सरकार र माओवादी वीच भएको सशस्त्र द्वन्द्वको कारणबाट आफू वसिरहेको वासस्थान बाट विस्थापित भई नेपालगन्ज नगरपालिकाका विभिन्न स्थानमा विस्थापित जीवन विताइ रहेका विस्थापितहरुको वारेमा गरिएको यस अध्ययनबाट निम्न निष्कर्ष निकालिएको छ ।

देशमा द्वन्द्वको कारणबाट आन्तरिक विस्थापनको प्रारम्भ विशेष गरि माओवादी जनयुद्ध शुरु भएपछि भएता पनि सन् २००१ को नोभेम्बरमा सरकारले देशभर संकटकाल लागू गरि सेना परिचालन गरिएपछि टडकारो रुपमा देखिएको छ । द्वन्द्वबाट तुलनात्मक रुपमा ग्रामिण क्षेत्रका मानिसहरु वढी प्रभावित रहेका छन् । द्वन्द्वबाट जातिगत हिसावमा ब्राहमण र क्षेत्री जातिका मानिसहरु बढी प्रभावित रहेका छन् । विस्थापित हुनेहरुमा सक्रिय उमेर समूहका वढी मात्रामा रहेका भए पनि उनीहरुले आफ्ना बाल बालिकाहरुलाई पनि साथमै लिएर विस्थापित भएका हुनाले बालबालिकाको संख्या पनि उल्लेख्य रुपमा रहेको छ । द्वन्द्वले परिवारका सवै सदस्यलाई प्रभाव पारेकाले सवैसदस्य सहित विस्थापित हुनेहरु वढी मात्रामा रहेका छन् । घरमूलीको आधारमा पुरुष घरमूली हुने अधिक रहेका छन् । द्वन्द्वले सक्रिय उमेरका मानिसहरुलाई बढी प्रभाव पारेको छ । पेशागत स्थितिमा विस्थापन पूर्व कृषि रहेकोमा विस्थापन पश्चात दैनिक ज्यालादारी र व्यापारले प्रमुखता पाएको छ । विस्थापितहरुमा प्रयाप्त ज्ञान, सीप, दक्षताको अभावमा रोजगारी प्राप्त गर्न नसकी वेरोजगारीको संख्यामा पनि विस्थापन पछि वृद्धि भएको छ ।

सुरक्षाकर्मी र विद्रोहीपक्षहरु बीच हुने मुठभेडबाट सर्वसाधारमा पर्ने त्रास, सरकारी र विद्रोही पक्षबाट आउने धम्कीले कतिखेर के हुने ? भन्ने त्रास विद्रोही पक्षबाट मागिने चन्दको ठूलो रकम दिनुपर्ने बाध्यता जस्ता कुराहरु निरन्तर भोगिरहनु भन्दा अर्को सुरक्षित स्थलको खोजीमा मानिसहरु विस्थापित भई

नेपालगन्जमा आएका छन् । त्यस्तै गरि दिनदिनै हुने गरेका अपहरण वेपत्ता, कुनै पेशा व्यवसाय गर्नमा अबरोधको कारण पनि मानिसहरु विस्थापित भएका छन् । द्वन्द्वको सिलसिलामा विद्रोही पक्षको विचारसँग सहमत हुन नसक्ने राजनीतिक कार्यकर्ता तथा सर्वसाधारणहरु पनि विस्थापित भएका छन् । त्यस्तै गरि विद्रोही पक्षले आफ्नो सोनामा ल्याउन गरेको प्रयास तथा परिवारको कुनै व्यक्ति सरकारी सेना, प्रहरीमा कार्यरत रहेकोमा उनीहरुलाई फिर्ता बोलाउनका लागि दिइने चेतावनी पनि अर्को कारणका रुपमा रहेको छ । त्यस्तै सरकारी सेवामा कार्यरत मानिसहरु विशेषगरि शिक्षकहरु सरकार र विद्रोही दुवै पक्षको दोहोरो मारमा परेर विस्थापित भएका छन् । समग्रमा विस्थापनका धेरै कारणहरु भएता पनि वैयक्तिक वा भौतिक सुरक्षा नै प्रमुख रुपमा रहेको छ ।

विस्थापितहरु मूलतः आर्थिक सामाजिक तथा मनोवैज्ञानिक रुपमा प्रभावित रहेका छन् । एकातिर आफ्नो घर, सम्पत्ति र जहान परिवार गुमाएपछिको मानसिक पीडा छ भने अर्कोतर्फ नयाँस्थानमा नयाँ समाज र परिवेशसँग कुनै तत्कालीन राहत र पूनः स्थापना विना जीवन गुजारा गरिरहनु परेको छ ।

अधिकांश विस्थापित हरुलाई खाद्यान्न तथा वसस्थान प्रमुख समस्याको रुपमा देखिएको छ । त्यस्तै गरि अधिकांश विस्थापितहरु ग्रामिण परिवेशबाट आएका र उनीहरुमा प्रयाप्त ज्ञान, सीप, दक्षता नभएको कारणले गर्दा रोजगारीमा पनि समस्या रहेको छ । सम्पन्न खालका केही विस्थापितहरुले आफ्ना वालवालिकालाई स्कूल पढाउन सकेता पनि अधिकांश विस्थापित वालवालिकाहरुको पढाइमा निरन्तरता पाउन सकेका छैनन् । गन्तव्य स्थलमा स्वास्थ्य संस्थाहरु उपलब्ध भएतापनि आर्थिक अभावको कारणले गर्दा स्वास्थ्य सेवा बाट पनि बञ्चित रहेका छन् । अधिकांश विस्थापितहरुले विस्थापन पश्चात आफ्ना आफन्तसँग भेटघाट गर्नमा पनि समस्या परेको छ ।

## ८.३ सुझावहरु

सरकार र माओवादीबीचको सशस्त्र द्वन्द्वको कारणबाट मानिसहरु विस्थापन भई नेपालजगन्जमा आएर वस्न वाध्य भएका छन् । यसरी विस्थापन भएका व्यक्तिहरुको समस्याको समाधानको लागि निम्न उपायहरु अवलम्बन गर्नु पर्ने देखिन्छ ।

- हालको विस्थापन मूलतः द्वन्द्वसँग गासिएकाले यसको स्थायी समाधानको लागि द्वन्द्वको समाधान गरिनु पर्दछ ।
- सरकारद्वारा विस्थापितहरुको वास्तविक तथ्याङ्क संकलन गरि उनीहरुको सम्बन्धमा उपयुक्त नीति वनाउनु पर्ने
- 'गरीवलाई माछा नदेऊ माछा मार्न सिकाउ' भन्ने कथन जस्तै सरकारले विस्थापतिहरुलाई पैसा दिनुको सट्टा उनीहरुको इच्छा, क्षमता अनुसारका स्वरोजगार मुलक तलिमहरु दिनु उपयुक्त हुने देखिन्छ ।
- नियमित रुपमा स्कूल जाननसकेका विस्थापित बालबालिकाको लागि अनौपचारिक शिक्षाको व्यवस्था गर्नुपर्ने ।
- विस्थापितहरुको लागि स्वास्थ्य सेवाको लागि निःशुल्क उपचारको व्यवस्था गरिनु पर्ने ।
- विस्थापितहरु मानसिक रुपमा पनि अस्वस्थ रहेकाले उनीहरु लाई मनोसामाजिक विर्मस दिइनु पर्ने ।
- विस्थापितहरुलाई आफ्नै घरमा फर्कनको लागि उचित वातावरण सिर्जना गरिनु पर्दछ । यसको लागि निम्न उपायहरु अपनाउन सकिन्छ ।

अ. विस्थापित व्यक्तिको जीउ धनको सुरक्षाको प्रत्याभूति हुनु पर्ने

आ. कब्जा गरिएका घर, जग्गा सम्बन्धित व्यक्तिलाई फिर्ता दिइनु पर्ने

इ. विस्थापितहरुलाई कम्तीमा ६ महिनाको लागि खाद्यान्नको व्यवस्था गरिनु पर्ने

ई	घर, सम्पत्ति नष्ट भएकाहरुको लागि घर बनाउने खर्च तथा नष्ट भएका सम्पत्तिको क्षतिपूर्ति दिइनु पर्ने ।

उ	विस्थापितलाई खेतीपाती गर्नको लागि मल, वीउको व्यवस्था गरिदिनुपर्ने ।

यस अध्ययनले आगामी अध्ययन अनुसन्धानको लागि निम्न कुराहरु पनि उठान गर्नु पर्ने देखाएको छ ।

- द्वन्द्वको कारणबाट भएको आन्तरिक विस्थापनले उत्पत्ति स्थलमा कस्तो असर परेको छ ?
- द्वन्द्वबाट भएको आन्तरिक विस्थापनले विभिन्न ठाउँहरु जस्तै : ग्रामिण क्षेत्र, प्रमुख शहर र राजधानीको तुलनात्मक अवस्था कस्तो छ ?
- विशेष समूहका आन्तरिक रुपमा विस्थापितहरु जस्तै : महिला, बालबालिका, युवा, वृद्धवृद्धा कस्तो - कस्तो अवस्थामा रहेका छन् ?

# सन्दर्भ सामाग्रीहरु (References)

Acharya, Bala Ram. 2002. *Research Methodology and Report Writing.* National Book Centre, Bhotahiti Kathmandu.

Bagshaw. 2004. Protect or Neglect ? *Towards a More Effective United Nations Approach to the Protection of Internally Displaced Persons*. The Brookings - SAIS Project on Internal Displacement and the UN OCHA Inter-Agency Internal Displacement Division.

Balay Advocacy Programme. 2002. *Notes on the Phenomenon of Internal Displacement in the Philippines*.

Baral, Chhabi Ram. 2006. *Livilihood Strategy of Internally Displaced Persons, A Case Study of Kathmandu Valley*. M.A. Dissertation Central Department of Geography T.U., Kathmandu.

Benninger- Budel, Carin. 1999. *Violence Against Women:* A Report. Switzerland: World Orgnaization Against Torture (OMCT).

Galtung, J. 2000. *Conflict Transformation by Peaceful Means. Participants Manual, Trainers' Manual*. Geneva: UN Disaster Management Traning Programme.

Gautam, Shobha. 2001. *Where There are No Men: Women in the Maoist Insurgency in Nepal*. In Rita Manchanda (ed.) Women, War and peace in South Asia: Beyond victimhood to Agency. New Delhi: Sage Publications India Pvt. Ltd.

Gay L.R. 1976. *Educational Research, Columbus,* Ohio: Charles E. Merrill Publishing Company.

Global IDP Project. 2005. *Profile of Internal Displacement*. Nepal Compilation of the Information Available at the Global IDP Project Website: http://www.ideproject.org.

GTZ, 2003. *Nepal IDP Research Initiative Findings.* Research RePort PrePared by the Concerned Agencies. Kathmandu: GTZ, INF, SNV, UNDP/RUPP, IHRC and the Global IDP Project.

Gustavsson, Lars. 2003. *Humanitarian Logistics: Context and Challenges.* In Marion Couldrey et al. (eds.) Forced Migration Review 18. UK: Refugee Studies Centre.

Human Rights Watch. 2004. *Nepal: Between a Rock and a Hard Place.* Vol. 16. No. 12 (C) USA: Human Rights Watch.

INPED. 2004. *Impact of Internal Armed Conflict on Women and Children*: *A Research Report of Sindhuli District of Nepal*. Sindhuli: Institutde of Peace and Development.

INSEC. 1995. *Human Rights Year Book 1995*. Kathmandu: Informal Sector Service Centre.

INSEC. 2004. *Human Rights Yearbook*, 2004. Kathmandu: Informal Sector Service Centre.

Kattel, Mukunda. 2003. *Introduction to 'The People's War' and Its Implications*. In Arjun Karki et al. (eds.) The People's War in Nepal: Left Perspectives Delhi: Adroit Publishers.

Kernot, Sarah. 2003. *Insurgency and Displacement.* Kathmandu: South Asia Forum for Human Rights (SAFAR).

Khatiwada, Padma. 2004. *Internally Displaced Persons (IDPs) in Nepal: Problems and challenges*. In Lok Raj Baral et al. (eds.) Nepali Journal of Contemporary Studies, Vol. IV No. 2 Kathmandu: Nepal Centre for Contemporary Studies.

Kumar, Dhruba. 2003. *Consequences of the Militarized Conflict and the Cost of Violence in Nepal*. In Dilli Ram Dahal et al. (eds.) Contribution to NePalese Studies. Vol. 30 No. 2. Kathmandu: Centre for NePal and Asian Studies. T.U.

Maharjan, Pancha. 2000. *The Maoist Insurgency and Crisis of Governability in Nepal.* In Dhurba Kumar (ed.) domestic Confilict and Crisis of Governability in Nepal. Kathmandu: Centre for Nepal and Asian Studies (CNAS), T.U.

Martinez, Esperanza. 2002. *Conflict-Related Displacement in Nepal*. Research Report Prepared for USAID. Kathmandu: United States Agency for International Development.

Muggah, Robert. 2003. *A Pressing Humanitarian and Development Issue: Reflections on Internal Displacement and Resettlement. in GSC Quarterly 9*. Available at the Social Science Research Council Website: http://www.ssrc.org/programs/gsc/ publications/ quarterly9/muggahpressing.pdf.

Muni, S.D. 2003. *Maoist Insurgency in Nepal*: The Challenge and the Response. New Delhi: Observer Research Foundation.

Nepal Government. 1992. *National Report on United Nations Conference on Environment and Development*, Kathmandu.

Pokhrel, Shankar. 2002. *Maobadi Ugrabampanthi Ra Prajatantrik Nikas*. Kathmandu: Ekkaisaun Shatabli Monthly.

Pradhan, Gauri. 2002. *Yuddhako Bhumarima Balbalikaharu*. Child workers in Nepal Concerned Centre (CWIN), Kathamndu.

Pradhan, Gauri. 2004. *Balbalika Ra Shanti*, Child Workders in Nepal Concerned Centre (CWIN), Kathmandu.

Raj, Prakash. 2004, *Maoists in the Land of Buddha: An Analytical Study of the Maoist Insurgency in Nepal*. New Delhi: Nirala Publications.

Shrestha, Manesh, et al. 2005. *Nepal: A Problem Unprepared For*. In Paula Banerjee et al. (eds.) Internal Displacement in South Asia. Sage Publications New Delhi.

Subedi, Bhim Prasad. 1993. *Continuity and Change in Population Movement from Inside a Rural Nepali Community*, Ph.D. Dissertation Department of Geography University of Hawail, USA.

Subedi, Bhim Prasad. 2005. *Techniques in Qualitative Research in Geography: Qualitative Data Analysis*. Presented Paper CDG, T.U., Kirtipur.

Tale, N.J. and Kitching. 2000. *Conducting Research Into Human Geogrpahy*. Perarson Education Limited England.

Thapa, Deepak. 2003. *A Kindom Under Siege: Nepal Maoist Insurgency*, 1996 to 2003. Kathmandu.

UN OCHA. 1998. *Guiding Principles on Internal Displacement. Geneva*: UN Office for the Coordination of Humanitarian Affaris.

Upreti Bishnu Raj. 2002. *Management of Social and Natural Resource Conflict in Nepal.* Adroit Publishers, Delhi.

Upreti, Bishnu Raj. 2004. *An Introduction to Conflict Management Principle and Methods*. Enebeling State Program, Kathmandu.

Upreti, Bishnu Raj. 2004. *Dwandwa Byawasthapanka Sidhdanta Ra Bidhiharu Ek Parichaya.* Enebling State Programme, Kathmandu.

Warner, M. 2001. *Complex Problem Negotiated Solutions Startegies and took for Reducing Conflict as an Obtacle to Sustainable Livelihood*. London: ODI (draft).

## परिशिष्ट - १

## प्रश्नावली

**द्वन्द्वबाट आन्तरिक रुपमा विस्थापितहरु : एक अध्ययन नेपालगन्ज नगरपालिका, बाँके**

(प्राप्त उत्तरहरु शोधपत्रवाहेक अन्यत्र प्रयोग गरिने छैन र सम्पूर्ण सूचनाहरु गोप्य रहने छन्)

स्थान : मितिः

नाम : उमेर :

लिङ्गः शिक्षाः

जात : वैवाहिक स्थिति :

१. तपाईको स्थायी ठेगाना कहाँ हो ?

जिल्ला : ...................... गा.वि.स. /न.पा. ......................

वडा नं. : ...................... गाउँ/टोल : ......................

२. तपाईको परिवारका सदस्यहरु अहिले पनि त्यही ठाउँमा वसोवास गर्छन ? यदि वसोवास गर्दछन् भने कति जना वस्छन् ?

३. हाल यहाँ तपाई परिवारका को को सदस्य सहित बस्नु भएको छ ?

क. परिवारका सवै सदस्य सहित

ख. परिवारका केही सदस्य सहित

ग. एक्लै

४. परिवारिक विवरण

| क.सं. | नाम | तपाईसँगको सम्बन्ध | उमेर | लिङ्ग | वैवाहिक स्थिति | पेशा | शिक्षा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

५. तपाईले आफ्नो गाउँ कहिले छाड्नु भयो ?

क. वर्ष ............. महिना : ............. दिन : .............

६. तपाई विस्थापितहुदा समूहमा (गाउँका अरु मानिस संगै) विस्थापित हुनु भएको हो ?

क. हो ख. होइन

७. यदि हो भने कति जना ?

क. २- ५ जना ख. ६ - १० जना

ग. ११ - १५ जना घ. १६ देखि माथि (.............)

८. तपाई यस ठाउँमा सिधै आउनु भएको हो ?

क. हो ख. होइन

९. यदि होइन भने सवै भन्दा पहिले कहाँ बस्नु भयो ?

क. नजिकैको गाउँ ख. नजिकैको शहर

ग. जिल्ला सदरमुकाम घ. अन्य (भए खुलाउने) .............

१०. त्यस ठाउँमा कति समय सम्म वस्नु भयो ?

क. १- १५ दिन ख. १६ - ३० दिन

ग.१-२ महिना घ.३ - ५ महिना

ङ. ६ - १२ महिना च. १ वर्ष देखि माथि (.............)

११. त्यस ठाउँलाई तपाईले किन छाड्नु भयो ?

१२. किन तपाईको यस ठाउँलाई छनौट गर्नु भयो ?

१३. मुख्य रुपमा कस्तो प्रकारको हिंसा र असुरक्षाको कारण तपाईले गाउँ छोड्नु भयो ?

क. परिवारका सदस्य/आफन्तको हत्या राज्य/माओवादी

ख. धम्की राज्य/माओवादी

ग. कुटपिट राज्य/माओवादी

घ. दोहोरो युद्ध राज्य/माओवादी

ङ. सुराकी राज्य/माओवादी

च. अपहरण/वेपत्ता राज्य/माओवादी

छ. अन्य (भए खुलाउनें

कति पटक ? .........................................

१४. तपाई विस्थापित हुनाको मुख्य कारण के हो ?

क. आर्थिक ....................

ख. सामाजिक ....................

ग. सांस्कृतिक ....................

घ. राजनैतिक ....................

ङ. स्वास्थ्य

च. अन्य (भए खुलाउने) ....................

१५. तपाईको पेशा विस्थापन पूर्व विस्थापन पश्चात

क. कृषि ख. नोकरी [ ] [ ]

ग. व्यापार घ. राजनीति

ङ. मजदूर च. अन्य (भए खुलाउने)

१६. यदि तपाई नोकरी गर्नु हुन्छ भने, कुन क्षेत्रमा ?

क. सरकारी क्षेत्रमा विस्थापन पूर्व विस्थापन पश्चात

ख. गैर सरकारी संघ/संस्थामा [ ] [ ]

ग. निजी क्षेत्रमा

१७. यदि तपाई मजदूरीकाम गर्नु हुन्छ भने

क. कृषि मजदूर विस्थापन पूर्व विस्थापन पश्चात

ख. निर्माण मजदूर [ ] [ ]

ग. होटल मजदूर

घ. यातायात मजदूर

ङ. अन्य (भए खुलाउने)

१८. यदि तपाई कृषिकाम गर्नुहुन्छ भने,

क. प्रशस्त मात्रामा अनाज विक्री गर्नहुन्छ विस्थापन पूर्व विस्थापन पश्चात

ख. थोरै-थोरै मात्रामा विक्री गर्नुहुन्छ [ ] [ ]

ग. आफ्नो परिवारलाई राम्ररी खान पुग्छ

घ. आफ्नो परिवारलाई पनि राम्ररी खान पुग्दैन

१९. यदि तपाई राजनीति गर्नु हुन्छ भने पार्टीमा तपाईको पद के हो ?

क. सक्रिय सदस्य ख. समर्थक

ग. जिल्ला स्तरको नेता घ. केन्द्रीय स्तरको नेता

ङ. अन्य (भए खुलाउने)

२०. तपाईले आफ्नो पेशा बाहेक अन्य आयमूलक काम पनि गर्नु भएको छ ?

क. छ ख. छैन

यदि छ भने के काम ................................

२१. तपाईलाई अहिले मुख्य रुपमा कुन कुराको समस्या छ ?

क. खाद्यान्न ख. वासस्थान

ग. रोजगारी घ. स्वास्थ्य

ङ. शिक्षा (वालबालिकाको) ङ. अन्य (भए खुलाउने)

२२. खाद्यान्न प्राप्तीमा सहजता छ ?

क. छ ख. छैन

छैन भने कस्तो समस्या छ ......................

२३. हाल तपाई कसरी वसिरहनु भएको छ ?

क. डेरा गरेर ख. आफन्तको घरमा

ग. साथीसँग घ. आफ्नै घरमा

ङ. शिविरमा च. अन्य (भए खुलाउने)

२४. तपाईका छोराछोरीहरु स्कूल जाने उमेरका छन् ?

क. छन् ख. छैनन्

२५. यदि छन् भने छोराछोरीहरुलाई स्कूल पठाउनु भएको छ ?

क. छ ख. छैन

यदि छैन भने किन ? ......................

२६. तपाई यहाँ आएपछि विरामी पर्नु भएको छ ?

क. छ ख. छैन

यदि छ भने कति पटक ....................

२७. उपचारको लागि कुन ठाउँमा जानु हुन्छ ?

क. सरकारी अस्पताल ख. निजी अस्पताल

ग. धामी झाँक्री घ. अन्य (भए खुलाउने)

२८. पारिवारिक उत्सव र साँस्कृतिक कार्यमा बाधा छ ?

क. छ ख. छैन

यदि छ भने कस्तो ? ................

२९. तपाई यहाँ आएपछि आफ्ना आफन्तहरुसँग भेटघाट भएको छ ?

क. छ ख. छैन

यदि छ भने वार्षिक कति पटक भट्नु भएको छ । .................

३०. तपाईले राज्यबाट केही सहयोग पाउनु भएको छ ?

क. छ ख. छैन

यदि छ भने कस्तो ? .....................

३१. तपाईले अन्य संस्थाबाट कुनै सहयोग पाउनु भएको छ ?

क. छ ख. छैन

यदि छ भने कस्तो ? .....................

## परिशिष्ट-२

## गहन अन्तर्वार्ताको रुजूसूचि

- तपाईको गाउँतिर शान्ति सुरक्षाको अवस्था कस्तो छ ?
- तपाई कहिले र किन विस्थापित हुनु भयो ?
- तपाईले यहाँ सुरक्षाको कस्तो अनुभव गरिरहनु भएको छ ?
- तपाईले यहाँ दैनिक जीवन यापन कसरी गरिरहनु भएको छ ?
- विस्थापन पछि कस्ता - कस्ता समस्याहरु आइपरेका छन् ?
- विस्थापितहरु प्रति स्थानीय मानिसहरुको व्यवहार कस्तो हुने गर्छ ?
- तपाई यहाँ आएपछि के कस्ता सुविधा पाउनु भएको छ ?

## परिशिष्ट-३

## खास - खास सूचनादातासँगको अन्तर्वार्ताको रुजुसूचि

- धेरै जसो विस्थापितहरु कुन ठाउँबाट आएका छन् ?
- विस्थापितहरु प्रति सरकारी तथा गैर सरकारी संघ संस्थाको धारणा कस्तो छ ?
- विस्थापितहरुको आर्थिक स्तर कस्तो छ ?
- विस्थापन हुनाको प्रमूख कारणहरु के के हुन ?
- विस्थापितहरुलाई कस्ता कस्ता समस्या परेका छन् ?
- स्थानीय मानिस र विस्थापितहरु विचको सम्बन्ध कस्तो छ ?
- विस्थापितहरुले कसरी जीवन गुजारा गरिरहेका छन् ?